# मुक्त कमैया शिविरको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन

## शोधपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभागद्धारा

निर्धारित समाजशास्त्र स्नातकोत्तर तह द्धितीय वर्षको

दसौ पत्रको प्रयोजनका लागि

प्रस्तुत


**शोधार्थी**

**दिनेश राज भट्ट**

**रोल नं. :- १८१/०६२**

टि.यु. रजिष्टर नं. :- ६-३-२८-८९-२००४

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०६५

मुक्त कमैया शिविरको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन दिनेश राज भट्ट २०६५

# अध्याय एक

## १. परिचय

## १.१ पृष्ठभूमि

नेपाल चार जात र छत्तिस वर्णको साझा फुलबारी हो । यहाँ विभिन्न धर्म, संस्कृति र भाषाका जनसमुदायहरुले बसोबास गर्दछन् । नेपाल जसरी भाषा, सस्कृति र रितीरिवाजमा अगाडी छ त्यसै गरि प्राकृतिक रुपले पनि नेपाल धनि नै छन् ।

भौगोलिक रुपले तीन भागमा विभाजीत यसमा हिमाली क्षेत्रमा शेर्पा, थकाली, भोटे आदी जनजाती छन् भने पाहाडी क्षेत्रमा बाहुन, क्षेत्री, राई, लिम्बु, तमाङ्ग, चेपाङ्ग, मगर र तराई क्षेत्रमा धिमाल, थारु, यादव आदी अनेकौं जातीहरु ।

यसरी विभिन्न भेगमा वसेका जनजातीहरुको आ-आफ्नो बेग्लै प्रकारका संस्कृति र परम्पराहरु छन् ।

तराई भेगमा बस्ने मुक्त कमैयाको पनि आफ्नो बेग्लै इतिहास छ । आज कमैया मुक्तिको शिविरमा वसिरहेका थारु जातीको विगत के थियो त ? यो एउटा अनुसन्धानको विषय हो ।

खोला, नदी, जगंल र अन्य ठाउँमा बसिरहेका मुक्त कमैयाहरुलाई सरकारले २०५७ साल साउन २ गते विभिन्न जमिन्दार गाँउका टाठा-बाठाबाट गरेको हो । थारु समुदाय तराईका आदिवासीहरु मध्ये प्रमुख जाती हो । थारु जातीको उत्पत्तिबारे विभिन्न विचार रहेका छन् । डोर वा. विष्टले आफ्नो पुस्तक ***"पिपुल अफ नेपाल"*** मा थारुहरु शांक्य वंशज हुन भनेर यिनीहरुको व्याख्या गरेका छन् ।

थारु सामुदाय पहिलै देखी नै कपिलवस्तुमा वस्दै आएका र यिनीहरुको बुद्धसँग ज्यादै नजिकी थियो भन्ने कुरा लुम्विनीमा रहेको शिलालेखबाट पनि थाहा हुन आउँछ । (स्रोत घिमिरे, दिपेन्द्र २०५२)

प्रा. डोर बहादुर बिष्ट (२०४२) ले थारु जातिको थरलाई प्रधान र अप्रधान गरी दुई भागमा विभाजन गरेका छन् । जस अनुसार प्रधानलाई उच्च र अप्रधानलाई निम्न तहमा राखेका छन् । प्रधान थारुमा छ प्रकारका थर र अप्रधानमा २६ (उप-समुहमा २६ थर) राखेका छन् ।

ति मध्ये केही प्रचलित थरहरु निम्न लिखित छन् ।

**तालिका १**

| | | | | | |
|---|---|---|---|---|---|
| लालपुरिया | सोलरिया | मर्दनिया | कठरिया | मोरङिया | रौतार |
| सुनाहा | चितौनिया | दाँगवादिया | लामपुछुवा | डगौरा | कोचिला |
| वर्दिया | खस | राना | कोचविहारी | राजहरिया | |

तथ्यांक स्रोत :- डो ब. बिष्ट सबै जातका फूलवारी ।

जनक लाल शर्मा (२०३५) ले थारु जातीलाई थरका बारेमा ४८ थरमा विभाजन गरेका छन् । यसरी विभिन्न थरमा विभाजीत थारुहर मध्ये कैलालीमा राना, परिहार, वोक्टाना, दङ्गौरा, मलबारिया, कठवारिया जातका थारु बसोबास गर्छन ।

यसरी परापूर्व काल देखि नै र ठुलो रुपमा फैलिएर बसिरहेका तराई बासी थारुहरु आज कमैया मुक्तिको शिविरमा आफ्ना कष्टकर जिवन बिताईरहेका छन् । कमैयाहरुको उत्पत्ति कहीले देखि भयो भनेर ठोस प्रमाण नभए पनि राणा प्रधानमन्त्री चन्द्रशमेशरले तत्कालीन दासदासी, कमारा-कमारी प्रथा अन्त्य गर्न वि.स.. १९८२ मा अभिलखे गराए पनि पश्चिम नेपालका अवशेषका रुपमा कमैया प्रथा कायम रहेको तथ्य पाइन्छ ।

सन्. १९६७ मा कम्पनी सरकारले नेपाललाई चार 'नयाँ मुलुक' बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता दिएपछि तराईका यि क्षेत्रहरुमा घना जंगल र डर लाग्दो औलो रोगको डर थियो । (गौतम टेकनाथ)

वि.स.२०२२/२३ सालतिर सरकारले औलो नियन्त्रण कार्यक्रम लागु गऱ्यो । औलोको नियन्त्रण भएपछि पाहाडि र अरु क्षेत्रबाट बसाई-सराई गरेर मानिसहरु नयाँ मुलकु (कैलाली, कञ्चनपुर, बाँके, बर्दिया) बसाईसराई गरेर आए । दाङ्ग उत्पकामा अति बाक्लो थारुहरुको वस्ती भएको हुनाले दाङ्ग बाट थारुहरु अन्यत्र बसाई-सराई गर्न थाले । यसरी थारुहरुको

बसाई सराईसँगै अति मिहेनती सोझा र इमान्दार थारुहरुलाई केही भलादमीहरुले विभिन्न प्रलोभनमा राखेर यिनीहरुको गलत तरिकाले प्रयोग गरे । यसजातीले कमाई राखेको जग्गा जमिनलाई जालझेल गरेर आफ्ना नाममा हाले, कम पैसा दिएर, कर्जा लगाएर, मुद्दा मामिलामा फसाए । यिनीहरुलाई आफ्नो सेवकको रुपमा पुस्तौं सम्मका लागि बन्धकी राखे । (कमैया प्रथा उन्मुलन समाज, वार्षिक वुलेटीन, २००६)

आफ्नो जिवीकोपार्जनको रुपमा जो जग्गा हुन्थ्यो, त्यो यिनीहरुले जमिन्दारबाट पैसा सापटी लिएर बन्धकि राख्थे, तर चतुर जमिनदारहरुले व्याज, स्याज गरेर सो जग्गा आफुले राख्थे । बेरोजगारी र अशिक्षाका कारणले थारुहरुले आफ्नो बालबच्चाहरुलाई र परिवारलाई जमिन्दारको ऋण नचुकाउन्जेल पुस्तौ-पुस्तौसम्म बाँधा मजदुरका रुपमा आफुलाई जमिन्दारको घरमा राख्न बाध्य हुन्थे ।

यसरी बाँधा मजुदरका रुपमा रही जिवीकोपार्जन गर्दै आएका थारुहरुलाई विभिन्न गैरसरकारी संस्याको पहलमा २०५७।४।२ गते सरकार वाध्य भएर मुक्त गर्न तप्तर भयो र मुक्त भएको घोषणा गऱ्यो ।

यसरी कमैया मुक्ती घोषणपछि अहिलेसम्म कैलालीमा पहिचान भएका ९,७६२, मध्ये ५,४२२ मुक्त कमैयाहरुलाई पुनः स्थापना गरिसकेको छ अनि पहिचान भएका मध्ये पनि ४,३४३ परिवारको अझै पनि पुनः स्थापना हुन बाँकी छ । यसका अलावा सरकारले यिनीहरुलाई विभिन्न प्रकारका डकर्मी, सिकर्मी, प्लम्वर जस्ता तालिम दिएर यिनीहरुको आर्थिक स्थितीमा केही सुधार ल्याएको छ (गो.प. २०६५/३/२५)

जसरी कमैयाहरु मुक्त भएको घोषणा भयो र मुक्त भएपछि यिनीहरु विभिन्न ठाउँमा बस्दै आए । सार्वजनिक ठाउँ, नदि किनारा आदि ठाउँमा बसेका कमैयाहरुलाई सरकारले आझै पनि पुनः स्थापना गर्न सकेको छैन । जसको फलस्वरुप मुक्त कमैयाहरुका वस्तीमा फेरी उही पुरानो अवस्था को सिर्जना भयो । अनी यिनीहरु आफ्ना १०,१२ वर्षका छोरीछोरीलाई कमलरी प्रथामा राख्न बाध्य भए । कमलरी प्रथा भनेको छोरीलाई अर्काको घरमा काम गर्नको लागि राख्ने कार्य लाई भनिन्छ । नेपालमा मुक्त कमैयाका साठिपैसठी हजार भन्दा बढी घरधुरीबाट करीब १७ हजार किशोरी कमलरी गएको अनुमान छ । (मुक्त कमैया पुर्नस्थापना कार्यक्रम, २०६५)

## कमैया मुक्ति घोषणा र सरकारी प्रयास

हाम्रो देशमा सरकारले २०५७ साल श्रावण २ गते किसानको सौकी मिन्हा गरी कमैया मुक्त घोषाण गऱ्यो । यस पुर्व पनि कमैयाका सम्बन्धमा सरकारी सोच नआएको होइन । २०५२ सालमा सरकारले कमैयाहरुको तथ्याङ्क लिएको थियो । त्यति बेलाको तथ्याङ्क अनुसार बाँके, बर्दिया, दाङ्ग, कैलाली र कञ्चनपुरमा १५,१५२ कमैया परिवार तथ्य रहेको मुक्त कमैयाहरुलाई समुहमा आबद्ध गरी सरकारले विभिन्न किमिसका सीपमुलक तालिम दिने कार्य, घुम्तिकोष व्यवस्था, मुक्त कमैयाहरुका लागि जग्गा खरिद गर्ने कार्य गरेको पाइन्छ । मुक्त कमैया परिवालाई कैलाली जिल्लाको पथरैया गा.वि.स.मा आ.व. २०५२/०५३ तिर ७ (सात) विगाह जग्गा खरिद गरेको छ, जुन जग्गा २०५८ सालमा मुक्त कमैयालाई (बाधा मजदुर)वितरण पनि भइसकेको छ । सोही अनुसार मुक्त कमैया जग्गा दर्ता समिति गठन भई कमैया पुनस्थापना कार्य प्रारम्भ भयो । त्यसवेला कैलालीमा 'क' वर्गका मुक्त कमैया परिवार २,४८८, 'ख' वर्गका मुक्त कमैया परिवार, २,६२० 'ग' वर्गका मुक्त कमैया परिवार १८९ र 'घ' वर्गका मुक्त कमैया परिवार ५९८ गरी जम्म ५,८९५ मुक्त कमैया परिवार रहेको तथ्याङ्कबाट देखिन्छ । 'क' र 'ख' वर्गका मुक्त कमैया परिवारलाई जग्गा उपलब्ध गराउन सर्वप्रथम उपसचिव श्री हरिराज पन्त ज्यूको संयोजकत्वमा मिति २०५७/११/१८ देखि २०५८ आषाढ मसान्त सम्मका लागि जग्गा दर्ता समिति गठन भयो । सो समितिले गरेको कामबाट जग्गा प्राप्त गर्न नसकि बाँकी रहेका मुक्त कमैया परिवारलाई पुर्नस्थापन गर्न उपसचिव श्री खड्ग बहादुर चाँपागाइको संयोजकत्वमा मिति २०५८/५/२७ मा जग्गा दर्ता समिति गठन भयो । त्यसबाट पनि जग्गा प्राप्त गर्न नसकी बाँकी रहेका मुक्त कमैया परिवालाई पुर्नस्थापन गराउन मिति २०५८/१२/९ मा सहसचिव श्री शंक प्रसाद ढुङ्गानाको संयोजकत्वमा जग्गा दर्ता समिति गठन भयो । (स्रोत मुक्त कमैया पुर्नस्थापन कार्यक्रम २०६५, भूमिसुधार कार्यालय कैलाली)

यसरी समय-समयमा मुक्त कमैया पुनर्स्थापन गर्न सरकारी स्तरबाट भरमजदुर प्रयास गरिएको छ साथै कमैयाहरुलाई पटक-पटकमा विभिन्न किसिमका सीपमुलक तालिम सञ्चालन गरी वृत्ति विकास कार्यक्रम पनि सञ्चालन गरिएको छन् ।

कमैयाहरुको न्यून ज्याला, अधिक कामको बोझ, पारिवारिक श्रमको पारिश्रमिक न्यूनताका कारणले गर्दा २०४६ को परिर्वतन पश्चात यस विषयमा गैह्र सरकारी क्षेत्रका

संगठनहरुको ध्यान केन्द्रित भएको देखिन्छ । यसमा इन्सेकको अध्ययन कार्यक्रम पहिलो थियो । त्यसपछिको क्रममा बेस, अन्य गैह्र सरकारी संगठनले मुक्ती अभियानमा तिब्रता प्रदान गरी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा प्रसार गरेको देखिन्छ । (स्रोत मुक्त कमैया पुर्नस्थापन कार्यक्रम २०६५, भूमिसुधार कार्यालय कैलाली)

यसै सन्दर्भमा अधिकांश कमैया राखेका जनप्रतिनिधीले र राजनैतिक संगठनले पनि कमैया प्रथाको अन्त्यको लागि काम गर्ने घोषणा पत्रमा उल्लखे गरेका थिए । यसै कारणले गर्दा मुक्तीको लागि आवाज बढिरहेकै सन्दर्भमा २०५६ सालमा धेरै कमैया भएको जिल्ला कैलालीमा संघसंस्थाको सहयोगमा कमैया प्रथा अन्त्यको लागि आन्दोलन आरम्भ भयो । गेटा गा.वि.स. का शिवराज पन्तका कमैयाहरुले ज्याला प्राप्ती न्यून भएको आदि कारणले मुक्त घोषणा गरियोस् भनी आन्दोलन शुरु गरी २०५७ श्रावण २ गते तत्कालिन श्री ५ को सरकारले कमैया प्रथाको अन्त्यको घोषणा गरी कमैया राख्न नपाउने, राख्नेलाई दण्ड गरिने र कानून बनाई बैधानिकता दिने घोषणा पश्चात मुक्तिको अवस्था पुगे । यसभन्दा पहिले ऋण तिरेर मुक्त गर्ने अभियान अगाडी ल्याएको थियो । त्यो विवादका कारणले हुन सकेको थिएन । Trade Union ले दवावको काम गर्दा केही व्यक्ति मुक्तको घोषणा गरिए पनि २०५२ श्रावण २ गते देखि संसदमा मुक्त घोषणा गरिएको तत्कालिन श्री ५ को सरकारको निर्णय निम्नानुसार छ ।

“नेपाल अधिराज्यको संविधान, २०४७” तथ्य प्रचलित कानूनले मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको ईच्छा विरुद्ध काम गराउन पूर्णतः निषेध गरेको र प्रचलित कानून मुलुकी ऐनको जीउ मास्ने बेच्ने महलले त्यस्तो कुनै पनि काम कारवाहीलाई दण्डनीय समेत घोषित गराइ ३ वर्ष देखि १० वर्षसम्म कदैको सजाय हुने व्यवस्था भएतापनि अधिराज्यका केही भागहरुमा कमैया प्रथाको नाममा आजपनि कमैयाको रुपमा असहाय तथा अशिक्षित श्रमिकहरुलाई काममा लगाई शोषण गर्ने सामन्ती परिपाटी कायमै रहेको सन्दर्भमा २०५७ साउन २ गते (आजको मिति) देखि नेपाल अधिराजय भर कुनै पनि क्षेत्र वा भागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष वा कुनै पनि तरिकाले असहाय तथा अशिक्षित श्रमिकहरुलाई काममा लगाउन पूर्णतः निषिद्ध र गैर कानूनी घोाषित गर्ने । (स्रोत मुक्त कमैया पुर्नस्थापन कार्यक्रम २०६५, भूमिसुधार कार्यालय कैलाली)

कमैया श्रमिकका रुपमा काम गर्न बाध्य बनाइएको व्यक्तिले आजकै मितिदेखि कमैया श्रमिकबाट स्वतः छुटकारा पाउने छ । कमैया वा बाधा त्यस्तो कुनै पनि नामबाट लिखित वा मौखिक रुपमा प्रचलित कानून विपरित श्रम लिने दिने कार्य निषेधित र दण्डनयि मानिन्छ । प्रचलित कानून विपरित साविकमा कुनै पनि कमैया वा निजको परिवारका कुनै सदस्यसंग श्रम गराउने वा त्यसतै कुनै प्रयोजनका लागि कुनै सम्झौता वा लिखित गराएको भए सो समेत आजकै मितिदेखि अमान्य तथा दण्डनीय हुनेछ ।

कमैया श्रमबाट आजको मितिदेखि छुटकारा पाएको कमैया श्रमिकले ऋणदातालाई बाँकी रहेका कुनै रकम तिर्न, बुझाउन पर्ने छैन । प्रचलित कानून तथा घोषित नीतिको विपरित कसैले काम गरे गराएमा कडा तथा प्रभावकारी कानूनी कार्वाही समेत गरिनेछ । यस सम्बन्धमा घरेलु तथा कृषि लगायत कुनै पनि क्षेत्रमा न्योयोचित ज्याला लिने दिने गरी काम गर्ने गराउने विषयमा तथा श्रमिकहरुको हक हितको संरक्षणको लागि आवश्यक एवं उपयुक्त कानूनी कार्यविधि तथा संस्थागत व्यवस्थाका लागि आवश्यक विधेयक सम्बन्धित मन्त्रालयले संसद सचिवालयमा दर्ताका निमित्त पठाउने ।

## १.२ समस्याको प्रस्तुतीकरण

कमैया शब्द बधुवा मजदुरको छोटो रुप हो बधुवा मजदुर भन्नाले जमिन्दारहरुले वा कसैले कोही मानिसहरुलाई पैसा दिएर (ऋण) उक्त पैसाको बदलामा व्याजमा काम गराउने अनि सावाँपैसा चाहि फिर्ता माग्ने गरि बाध्य भएर आफ्नो काममा लगाउनलाई भनिन्छ ।

वधुवा वस्ने मानिसहरु ऋण चुक्ता गर्न नसक्ने भएपछि ऋणदिने साहुले उसका परिवारका अन्य सदस्यहरुलाई पनि विना ज्याला आफ्नो काममा लगाउछन् ।

तराईका थारुहरुको अध्ययन गर्दा मानवशास्त्रीहरुले साठीको दशकमा कमैया प्रथाको पहिलो उल्लेख गरेका छन् । यि मध्ये अधिकांश अनुसन्धान कैलाली, कंञ्चनपुर दाङ्ग, बाँके र बर्दियाका छन् । कमैया सुर्खेत नवलपरासी, रुपन्देही र कपिलवस्तुमा देखिए पनि बाधाँ र भु-दासत्व मिसिएको यो प्रथामा ९५ प्रतिशत थारुहरु छन् । नेपालको जनसंख्याको ६.५ भाग ओगटेका थारुहरु आदिवासी समुहमा सवैभन्दा बढी छन् । तराईका २२ जिल्लाहरुमा उनीहरुको बसोबास छ, तर पश्चिम जिल्लामा उनीहरु ठुलो संख्या रहेका

छन् । ६ वर्ष माथिका करीव ६९ प्रतिशत थारुहरुले स्कुल  देखेका छैनन् । (रोबटसन मिश्र र मिन्च ९९७)

नेपालमा  अहिले पनि अल्पसंख्यक लोपोन्मुख, उत्पिडित जाति, जनजाती, महिला माथि तीव्र  सामाजिक, राजनैतिक, सांस्कृति, धार्मिक, आर्थिक थिचोमिचो छ । मुक्त भनिएका कमैयाहरुको अवस्था अहिले पनि पहिलाको जस्तो नै छ । न त शिक्षाको क्षेत्रमा यिनीहरु पुगेका छन् न त रोजगारीको  क्षेत्रमा । सरकारले कमैया मुक्त घोषणा गरेपछि यिनीहरु केहि हदसम्म त जमिन्दारको पंजाबाट मुक्त भए तर सरकारले उचित  तरिकाले पुनर्स्थापना गर्न नसकेको कारणले गर्दा खेरी आज भोली त कोही कोहि फेरी पुरानै सिथितमा फर्कने सोचमा छन् । यिनै कमैयाहरु आर्थिक अभावले गर्दा  खेरी उनै जमिन्दार कहा आफ्ना छोरा छोरीहरुलाई  कमलरी राख्नु बाध्य भएका छन् । जंगबहादुर राणाले इष्ट इन्डिया कम्पनी सरकारको चकारी गरेर नयाँ मुलुक (कैलाली, कञ्चनपुर, बाँके र वर्दिया) फिर्ता लिए पछि यहाँका आदिवासी थारु समुदायलाई काठमाडौका शासकहरुको पक्का दास बनाइयो ।

यसै बेला देखि नै यि नयाँ मुलुकहरुलाई  आन्तरिक उपनिवेशका रुपमा  हेर्न थालियो अनी त्यसै वेला देखि नै कमैया, कमलरी ओर्गोनी, भेरहुवा, छेगरहुवा प्रथाको थालनी  भयो ।

२०५७ सालमा मुक्त घोषणा भएपछि  मुक्त  कमैयाहरुलाई  सरकारले क, ख, ग र घ गरी चार भागमा विभाजन गऱ्यो  । चार भागमा विभाजन गरेकाहरु मध्ये ‘क’ वर्ग का संग केही थिएन, छाप्रो भएका तर जग्गा नभएका ‘ख’ वर्गमा परे । घर र चार कठ्ठासम्म जग्गा भएकालाई ‘ग’ वर्गमा राखियो र जमिन र घर भएकाहरुलाई ‘घ’ वर्गमा  राखियो ।

मुक्त कमैया  र कमारीहरुको आज पनि अवस्था  जस्ताको त्यस्तै छ । मुक्त कमैयाहरु आ-आफ्ना कारणले यस स्थितीमा पुगको नर्कान सकिदैन । आफुसँग भएको सम्पत्तिहरुलाई जोह नगर्ने एउटा यिनीहरुमा चलन नै छ  । दिन भर जति कमाएर पनि साँझ दारु भट्टिमा पस्ने यिनीहरुको अवस्था वर्तमानमा पनि रहि नै रहेको छ ।

मैले एक जान रिक्साचालकलाई  धनगढी बजारमा  अवस्थित एउटा झुप्रो होटलमा रक्सीको बोतल र राँगाको सुकुटीसंग रमाइरहेको देखे । उसको घरको हालत एकदम नाजुक

थियो तर उसले आफु र आफ्ना सह-यात्रीहरुलाई मोजमा पारिरहेको थियो । आफ्नै शब्दमा भन्यो "काल त का हुई का हुई कौन देख्ले वा, सक्कु आजै खाइना हो " यानीकी भोली त के हुने हो कसैलाई थाहा छैन भएभरको सवै आज नै खाने हो । सवैको हक मा यो कुरा लागुभएको हुदैन तर प्राय जसोहरुलाई भोजभतेर आदिमा फजुल खर्च गरेको पाइन्छ ।

विद्यमान अवस्थामा पनी मुक्त कमैया शिविरमा कमलरी प्रथा र कमैयाहरुको खोजीमा मानिसहरु लागि परेका हुन्छन् । अशिक्षा र बेरोजगारीको कारणले गर्दाखेरी अझै पनि माघ महिनाको आगमनसँगै विभिन्न करारमा मुक्त कमैयाहरु आफु र आफ्ना नानीहरुलाई बार्षिक रू ५ हजारदेखी १० हजारको बीचमा रुपमा काममा राख्न तत्पर हुन्छन् ।

२० माघ २०६४ का दिन व्यवस्थापिका संसदको कृषि तथा सहकारी समितिको बैठकपछि भूमिसुधार तथा व्यवस्थामन्त्री जगत वहादुर बोगटीले मुक्त कमैयाको पून: स्थापनाका सम्बन्धमा पत्रकारहरुसँग भन्नु भयो ।

- रू १८ हजार पाँच सय मुक्त कमैया जमिनका मालिक भईसके ।
- अब १० हजार ले मात्र पाउने हुन ।
- कुनै बाधा अवरोध नभए यो आर्थिक वर्षसम्ममा मुक्त कमैया पुन: स्थापना भइसक्नेछ । तर उनीहरुले हाल वसिरहेको ठाउँमाको जग्गा पाउने छैनन ।
- हैसियत विग्रेका वनको जग्गादिन सकिनेछ ।
- मुक्त कमैया पुन: स्थापनाका लागी गैर सरकारी संस्थाहरुले दाताबाट ल्याएको रकम दुरुपयोग भएको छ ।
- गैर सरकारी संस्थाहरुले ल्याएको रकम एक द्वार प्रणाली अन्तर्गत सरकारको मातहतबाट खर्च नुहदाँसम्म दाताको पैसा लक्षित समुहसम्म पुग्दैन ।
- कुनै संस्था ले काँहा काम गरिरहेको छ भने सरकारलाई अत्तोपत्तो छैन ।

राजनैतीक दलहरु बीच स्थानिय स्तरमा सहमती नहुदा केन्द्रमा वनेको सहमती जिल्लामा कार्यान्वयन हुन सकेको हुन् । (मुक्त पाईला, जनवरी २००८)

**मुक्त कमैयाहरुको वर्तमान अवस्था निम्न लिखित छन् ।**

- काठ र खरले बनेको झुप्रोमा बसीरहेको अवस्था छ ।
- जग्गा नपाएर सबै परिवारहरुश्र जंगल र नदी छेउछाउमा बसीरहेका छन् ।
- एउटा पनि चर्पी त्यत्रो बस्तीमा छैन ।
- पुस माघको जाडो, जेठ वैशाखको घाम, अथवा साउन भदौको झरी होस उनीहरु यही झुप्रोमा आफ्नो दिन विताइ रहेका छन् ।
- उचित प्रकारको काम न पाएर कम भन्दा कम ज्यालामा काम गरिरहेका छन् ।
- छोराछोरीलाई अझै पनि माघीमा किनवेच गर्ने गरेको पाइन्छ ।
- हजारौ वालवालिकाहरु आफ्नो भविष्य प्रती खेलवाड गर्दै मजदुरी, कमलारी आदी मा जान बाध्य छन् ।
- परिवारमा साना सदस्यहरुको शोषण हुन्छ
- जनचेतना र शिक्षाको अभाव
- जनसंगठको अभाव
- गास वास र कपास जस्ता आधारभूत आवश्यकता को समस्या ।

यि माथीका विद्यमान समस्याहरुको अलावा यस शोधपत्रमा अरु पनि मुक्त कमैयाहरुका सामाजिक आर्थिक र सांस्कृति अवस्थाको अध्ययन गरिन्छ साथै उनीहरुको जीवन यापनमा वर्तमान र विगतमा के के फरक थियो को जानकारी समावेश गराइनेछ ।

## १.३ अध्ययनको उद्देश्यहरु

उद्देश्य नभएको अध्यापन पूर्ण हुन सक्दैन त्यसैले अध्ययन मा अनुसन्धान गर्नको लागि  उद्देश्य एक अनीवार्य तत्व हो । यस अध्ययन का निम्न लिखित उद्देश्य हरु छन् ।

१. मुक्त कमैयाहरुको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको विवरण तयार गर्ने ।

२. सरसकारी र गैरसरकारी संस्थाले मुक्त कमैयाहरुको लागि गरेका विभिन्न क्रियाकलापहरुको प्रभावकारी समिक्षा गर्ने ।

३. मुक्त कमैयाहरुले भ्रेलिरहेका मुख्य समस्याको पहिचान गर्ने ।

४. यिनीहरुको जीवनस्तर र सामाजिक स्थिति सुधार्न उपयुक्त उपायहरुको खोजीगर्ने  ।

## १.४ अध्ययनको महत्व

मुक्त कमैयाहरुको स्थिती वर्तमानमा कस्तो रहेको छ । विगतमा कमैया छदा खेरी को स्थिती राम्रो थियो कि, अहिले खुला आकाशमुनि बस्दाखेरी, आदी कुराका साथै अन्य तथ्यहरुको जानकारी लिएर भोली अरु सोधकर्ताहरुलाई केहि हदसम्म सहयोग मिल्नेछ । मुक्त कमैयाहरुको बर्तमान अवसथा के कस्तो छ विगतमा के कस्तो थियो आदी जानकारी यस शोधपत्रमा उल्लेख गरिएको कारण ले गर्दाखेरी आगामी दिनहरुमा कसैले मुक्त कमैयाहरुको बारेमा शोधपत्र अथवा अरु केही पनि जानकारी लिनु परेमा यस शोधपत्रको अध्ययनले सहयोग मिल्नेछ ।

बहुजातीय, बहुभाषिक राज्य नेपालमा विभिनन जातजाती भाषा भाषी धर्म सास्कृति रहेका छन् । देशको मुल प्रवाहमा समाहीत गरी समग्र राष्ट्रको विकास गर्नु आजको आवश्यकता छ । देशमा अभ्रै पनि पूर्ण रुपमा परिवर्तन भएको छैन । मुक्त कमैयाहरुले आफ्नो बाँच्ने  अधिकार समेत नपाएको अवस्था छ । खुल्ला रुपमा आफ्नो जिविका चलाई राखेका मुक्त कमैयाहरु को विगत, वर्तमान र भावी योजना को वारेमा केही हद सम्म यस शोधपत्रमा समावेश गरीएको छ । यसका अलवा थारु जनजाती हरुको बारेमा पनि शोधपत्रले आगामी दिनहरुमा अरु साथीहरुलाई निश्चिय पनि सहयोग मिल्नेछ । कुनै पनि कार्यक्रम सञ्चलन गर्नुभन्दा अगाडी त्यस ठाउँको तथा त्यस समस्याको अध्ययन

अनुसन्धान गरेर कार्यक्रम सञ्चालन गरेमा मात्र त्यस कार्यक्रमले सफलता प्राप्त गर्दछ । यस अनुसन्धानले मुक्त कमैयाहरुको सामाजिक, आर्थिक, धार्मिक र राजनैतिक कुन स्थान मा छ र के कमी कमजोरीहरु छन् र आगामी दिनमा कुन स्तरमा  मुक्त कमैयाहरुलाई लग्नु पर्दछ भन्ने कुराको निचोड यस मा हुने भएको ले यस अध्ययनको महत्व छ।

**क**) मुक्त कमैयाहरुको लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्नुपरेमा यसको महत्व हुनेछ ।

**ख**) सरकारी तथा गैह्र सरकारी संस्थालाई त्यस क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सजिलो हुनेछ ।

**ग**) भविष्यमा मुक्त कमैयाका वारेमा अध्ययन गर्न चाहनेहरुका लागि थोरै भए पनि मद्दत पुग्नेछ ।

**घ**) मुक्त कमैयाहरु भित्र रहेका विभिन्न चाडपर्व संस्कार र प्रथाहरुको बारेमाजनाकारी प्राप्त गर्न सकिनेछ ।

**१.५ अध्ययनको संगठन**

- अध्याय एकमा परिचय, समस्याको प्रस्तुती, अध्यनको उद्देश्य र यसको महत्व छ ।
- अध्याय दुईमा सन्दर्भ साहित्यको समिक्षा छ ।
- अध्याय तिनमा अनुसन्धान पद्दति, तथ्याङ्कस्रोत, तथ्याङ्क संकलन विधी र अनुसन्धान ढाँचा रहेको छ ।
- अध्याय चारमा सम्बन्धित क्षेत्रको सामाजिक, भौगोलीक र सांस्कृतिक विशेषता रहेको छ ।
- अध्याय पाँचमा अध्ययनमा सम्बन्धित क्षेत्रका व्यक्तीहरुबाट प्राप्त प्रतिक्रिया, उनीहरुको अवस्था आदिका बारेमा व्याख्या र विश्लेषण गरिनेछ ।
- अध्याय छ मा निस्कर्ष, सारांश, सुझाव र तस्विरहरु छन् ।

# अध्याय दुई

## पूर्व साहित्य समिक्षा र सैद्धान्तिक आधारशिला

मुक्त कमैयाको बारेमा विभिन्न पुस्तक , पत्रपत्रिका, आदीको आधारमा यस जातीको ऐतीहाँसीक पृष्ठभूमी र जातीगत विवेचनालाई स्पष्ट पार्न सकिन्छ । अरु जाती को भन्दा यस जातीको अध्ययन कम पाईन्छ । तैपनी विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले यस जातीको अध्ययन गरेको छन् । अनि विभिन्न शोधपत्रमा पनि आजकाल यस जातीको अध्ययन गरेको पाईन्छ ।

“स्थाणु” वा “स्थरु” शब्दको अर्थ थारु हो । संस्कृत व्याकरणमा “थर्व” धातु (पुलिङ्ग) एक वचनमा “थर्वा” वहुवचनमा “थर्वाण” र स्त्रीलिङ्ग “थर्वेणी” मानेर नेपाली भाषा थर्वाण बाट “थाारु” र थर्वेणी बाट थरुनी भनिन्छ । (गौतम, टेकनाथ २०४४, पे ५)

थारु हरु राजिस्थान मुसलमान को आक्रमण पछी नेपाल आएका हुन् । शत्रु को हात पर्नु भन्दा बरु भाग्न उचित मानेर यिनीहरु आ-आफ्नो नोकरका साथमा नेपाल पसेका थिए । थारुहरु संभवतः तराईमा बसोबास गर्ने पुरानो समुह हो । यिनीहरु प्राय जसो घनाजंगल भएको क्षेत्र नजिक बस्दछन् । धेरै जसो थारु वस्तीहरु जंगल विच खाली भएको ठाँउमा पाईन्छ । धेरै जसो थारु वसोवास उष्ण मलेरिया क्षेत्र, जहा जंगली जनावर हात्ती, गैडा, भालु, बाघ तथा विषालु सर्पहरु भएको क्षेत्रमा पाईन्छ ( विष्ट डोरबहादुर, 1972.118,119)

जनकलाल शर्माले नेपालमा पाइने विभिन्न थारुका थरका बारेमा उल्लेख गरेका छन् । जस अनुसार कठरिया, कन्फटा, कोपिला, करेल, खवास, खस, खाँ, सुनाह, खौरिया, गछार, चितौनिया, चौधरी, जोगी, ढगारिया, तावेदार, थन्दान, दुवार , दंगोरा, परिया, वहनिया, वाँठ, वातर, वोक्सा, भगत, भगटनिया, मझौरा, मर्दनिया, महन्त, मटाउता, माझी, मोरङीया, रजुरिया, राजधरैया, राजहातीयया, राना, सैतार, लमपुछुवा, लालपुरिया, विश्वास, सरादार, सुनहा, सोलरिया, हेमजलिया आदि छन् । (शर्मा, जनक, २०३९)

थारु जाति भारतको उत्तर प्रदेश विहार र वंगालमा छन् । उत्तर प्रदेशमा विजनोर जिल्लाको उत्तर गढवालको दक्षिण नैनिताल र पिलिभित जिल्लाहरुमा धेरै थारुहरु बसोबास

गर्दछन् । बर्तमान सन्दर्भमा यस जातिमा आएको निरन्तरता र परिवर्तन यस अध्ययनमा पाउन कठिन छ । (वराल, २००४)

शिक्षाको कमिले थारु जाति अन्धविश्वास र रुढीवादी छन् । थारु जातिको एउटा सकारातमक वर्णनात्मक रुपमा सामाजिक, आर्थिक र सांस्कृतिक परिवेशमा रहेका पाइन्छन् । उनको यो अध्ययन एउटा सिमित परिवेशमा बाधिएको जस्तो आभाष हुन्छ । उनले देशका सम्पूर्ण थारु जातिलाई आफ्नो अध्ययनमा समावेश गर्न सकेका छैनन् । वर्तमान अवस्थामा यो जातिमा आएको परिर्वतनलाई हेर्ने दृष्टिकोण पनि यो अध्ययनमा पाइदैन । (रजौरिया, द्रोण, २०३५)

थारु जातिका मानिसहरु होचो कद भएका, रंगमा गहुँगारो, नाक केही थेप्चो, बाक्लो ओठ, पटिलो शरीर भएको हुन्छ । पुरुषमा दाह्री जुंघा कसैको पातलो हुन्छ भने कसैको हुदैन । थारु जातिको शारिरिक बनावट किराँती जातिको जस्तो हुन्छ । (मेचिदेखि महाकाली २०३९)

थारु जातिको चालचलन, सामाजिक अवस्था, परम्परालाई वर्णनात्मक रुपमा प्रस्तुत गरेको पाइन्छ । यो अध्ययनलाई सकारात्मक प्रस्तुती भन्न सकिन्छ । यसमा उनले यस जातिमा वर्तमान अवस्थामा (Modernnizaation, Assimilation, Accultaration) वाट यस जातिमा आएको परिर्वतनको आभाष पाइन्छ । (रेग्मी, २०५३)

पश्चिमको कैलालीमा बसोबास गर्ने राना थारुहरुले, आफ्नो उत्पत्ति सम्बन्धी धारणा र उनीहरुको अन्य जातिसंगको सम्बन्धको बारेमा प्रष्ट्याएका छन् । यो बाहेक उनले कैलालीमा देखा परेको कमैया प्रथाको बारेमा साथै उनीहरुको वर्तमान अवस्थामा प्रजातान्त्रिक वातावरणमा देखिएको अवस्थाहरुको बारेमा पनि चित्रण गर्न खोजेको छन् । तर उनको यो अध्ययन सिमित तथा एक्लो छ । यसले सम्पूर्ण थारु जातिको प्रतिनिधित्व गर्न सक्दैन । (Gurung 1994)

शिक्षाको कमिले थारु जाति अन्ध विश्वास र रुढीवादी विचारबाट ग्रस्त छन् । आफ्नो खेति छदैछ पढाएर के मतलव भनेको पाइन्छ । केटाहरु ठूलो भए पछि खेतीमा लागि हाल्दछन् । यस्तो मनोवृत्तिले थारु जातिको शिक्षामा बाधा पुऱ्याएको छ । (बराल, मोहन, २०३५)

थारु जातिको मानिसमा सबै स्थानको भाषा एकै किसिमको पाइदैन । पूर्व, मध्यभाग र पश्चिमका थारुहरुमा फरक छ । ति थारु भाषामा परिश्चमका थारुमा अवधी भाषा, मध्य भागमा भोजपुरी र पूर्वका थारुहरुमा मैथिली भाषाको प्रभाव परेको पाइन्छ । (धिताल, २०४४)

थारु समाजमा वालविवाह, बहु बिवाह आदि पाइन्छ । यस थारु समाजमा प्रेम विवाहलाई विशेष छुट दिएको छ । बुहारी र जेठाजु विच छुनु हुदैन अरुमा बन्दि छैन् । दाजु मरेमा देवरसंग भाउजुले चाहेमा विवाह गर्ने अधिकार छ । (गौतम, टेकनाथ, २०४४)

विवाहमा छोरीलाई विदाई गरेर डोलीमा पठाउदा डोलीमा एउटा विषको कचौरा राखी दिन्छन् । यसको अर्थ खोज्दा बाटामा , शत्रुबाट हमला भएमा आफ्नो सतित्व रक्षाको लागि 'विष' पिएर मर्न सजिलो होस भनेर दिने गरेको हो भनिन्छ । (विष्ट, डोर ब., २०३९)

झाँगा तिर्ने विवाहमा छोरी जन्मनु आर्थिक श्रोत वलियो हुने मानिन्थ्यो । उक्त विवाहमा केटा पक्षले केटी पक्षलाई चामल ५० पाथी, तेल १ धार्नी, नुन १ धार्नी, कपडा २२ मि. पैसा ५००/- बुझाए पछि मात्र विवह हुने प्रचलन छ । (कविता प्रकाशन, २०५५, परशुनारायण थारु)

थारु जातिको मृत्यु संस्कारमा केही विशेषता पाइन्छ । जस्तै - पूर्वमा जलाउने र अन्यत्र गाड्ने चलन बढी छ । गाडी सकेपछि फर्केकाहरु दालभात, खाई किरिया बस्ने चलन पश्चिममा छ । कतै पुरुषलाई घोप्टो र महिलालाई उत्तानो पारेर गाँडी संस्कार सम्पन्न गर्दछन् । काजक्रिया गर्नेले सागसब्जी र माछा मासु खादैनन् । तेल वेसारको लसपस गर्दैनन् । भाउजुको देवर, बावु आमाको छोरो किरिया वस्दछन् । यिनीहरुमा विहिवार वा सोमबार पारेर किरिया सक्दछन् ।

पश्चिम तराईका थारुहरुको अध्ययन गर्दा मानवशास्त्रीहरुले साठीको दशकमा कमैया प्रथाको पहिलो उल्लेख गरेका छन् । अधिंकाश अनुसन्धानहरु दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुरमा केन्द्रित छन् । कमैया सुर्खेत, नवलपरासी, रुपन्देही र कपिलवस्तुमा देखिए पनि बाँधा श्रम र भु-दासत्व मिसिएको यो प्रथामा ९५ प्रतिशत

थारुहरु छन् । नेपालको जनसंख्याको ६.५प्रतिशत भाग ओगटेका थारुहरु आदिवासी समूहमा सबैभन्दा बढी पर्दछन् । तराईका २२ जिल्लाहरमा उनीहरुको वसोवास छ, तर पश्चिम जिल्लामा उनीहरुको ठूलो संख्या रहेको छ । ६ वर्ष माथिका करिब ६९ प्रतिशत थारुहरुले स्कुल देखेका छैनन् (रार्वटसन र मिश्र - १९९७)

केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित जनगणना अनुसार थारुहरु नेपालको पूर्व देखी पश्चिम तराई भित्री मधेश गरी २२ जिल्लामा मात्र बसोबास गरेको पाईन्छ । यिनीहरुको पुर्खा मंगोलियन हुन् । तर कतिपय आर्य राजपुतका वंशज मान्दछन् । थारु जातीहरु काहाँबाट आए भनि आज सम्म अनिश्चित छ । (Hudgson -1992)

थारुभाषाको ठेट शब्द कमैयाको अर्थ दास होइन, कार्य गर्ने मानिस हो । परन्तु कमैया प्रथा जुन समयमा कायम थियो त्यस समयमा यो अमानवीय र उहिल्यै उन्मुलन भई सकेको दास प्रथाको अवशेष जस्तै थियो । (कमैया मुक्ती तथा पुर्नस्थापन कार्यक्रम प्रतिवेदन २०६० भुमी सुधार तथा व्यवस्था मन्त्रालय सिंहदरवार)

साह्रै जोतिन सक्ने, कमाईवाला, आर्जनी, पौरखी वा हिकमती, जग्गा धनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउनेलाई कमैया भनिन्छ । (इन्सेक २०४९)

आर्थिक स्थिति कमजोर भएको कारण अर्काको घरमा काम गर्न बाध्य तथा वढी सोझा इमान्दारी मिहिनेती भएकोले उनीहरुलाई कमैया भन्न थालियो । (बेस २०५७)

“बाँधा श्रमिक पनि दासको एक रुप हो । जहाँ उनीहरुले पैसा सापट लिन्छन र त्यसलाई तिर्ने नाममा काम गर्नु पर्ने हुन्छ । त्यस्ता व्यक्तिहरुलाई यसरी फसाइन्छ की उनीहरुले (कमैयाहरु) एकदमै कम पैसामा अथवा विना पैसामा काम गरिरहनु पर्ने हुन्छ । उनीहरुले गर्ने कामको मुल्य उनीहरुले सापट लिएको पैसाको भन्दा वढी हुन्छ ” ( Action briefing 2001 )

“घर खेतमा लगाए अह्राएको काम गर्न एक वर्ष (माघ महिनाबाट सुरुभई पौष मसान्त) सम्मका लागि निश्चित शर्तहरु तोकी काम गर्ने व्यक्ति र जमिनादर विच गरिएको परम्परागत अलिखित सम्झौता कमैया प्रथा हो भन्ने कुरा उल्लेख गर्नु भएको छ ” (चौधरी २०५६ फागुन १२-१३) । यसबाट स्पष्ट हुन्छ की नेपालको सन्दर्भमा कमैया भन्नाले

जमिनदनरको घर खेतमा लगाएर अह्राएको काम गर्नको लागि परम्परागत अलिखित निश्चित शर्तहरु तोकी काम गर्ने कृषि मजदुर भन्ने जनाउँछ ।

कमैया भन्नाले आफ्नो र परिवारको भरण पोषणका लागि स्थानीय साहू (जमिनदार) हरु कहाँ न्यूनतम ज्यालामा काम गर्ने पीडित भूमिहिन र थोरै मात्र भूमि भएका किसानलाई कमैया भनि उल्लेख गरेको पाइन्छ । (चौधरी १९९८) । यसबाट स्पष्ट हुन्छ की नेपालको सन्दर्भमा कमैया भन्नाले आफ्ना परिवारका सदस्यहरुको पालन पोषणका लागि स्थानीय साहुँ माहाजन कहाँ आफ्नो श्रम वेची जीविको पार्जन गर्ने कृषि मजदुर भन्ने जनाउँदछ ।

कमैया प्रथा अहिले प्रजातान्त्रिक अवस्थामा पनि एउट अभिशाप र दासताको अवशेष हो (चौधरी १९९९) । यसबाट स्पष्ट हुन्छ कि नेपालको अहिलेको प्रजातान्त्रिक अवस्थामा पनि कमैया प्रथा हुनु भनेको एउटा अभिशाप हो ।

"कमैया श्रम" भन्नाले देहायको कारणबाट गर्नु पर्ने श्रम वा सेवालाई सम्झनु पर्छ यो शब्दले भैसवार, गैवार, वर्दिका, छेकवार, हरुवा, चरुवा, हली, गोठालो, ग्वाला, व्गाली, कमलरिया आदि विभिन्न नामबाट गरेको श्रम वा अन्य प्रचलित कानून बमोजिम राज्यको कार्यमा सन्दर्भमा श्रम वा सेवा प्रयोग गर्ने गराउने कुरामा बाहेक विना पारिश्रमिक लिने वा निर्धारित ज्याला दर भन्दा कम दरमा निश्चित समय भन्दा वढी समय सम्म काममा लगाइएको तथा आफ्नो परिवारको नाममा कुनै जग्गा एवं निजी घरवास नभई अर्काको जग्गा वा घरमा बसोवास गरि आशिंक वा पूर्वकालीन समयका रुपमा गरेको श्रम समेत जनाउँदछ (निषेध गर्ने विधेयक २०५७) निश्चित समुहहरु अधिराज्यका विभिन्न जिल्लाका विद्यमान कमैया प्रथा अन्तर्गत र मजदुरका रुपमा रहेका कमैया परिवारहरु प्रायः गरिविको रेखामुनी रहेका छन् । यस्ता पीडित परिवारहरुको सहि पहिचान गरी शोषण मुक्त रोजगारी सिर्जना र वसोवासको व्यवस्था गर्दै कृषि जग्गामा पहुच पुऱ्याउनु पर्छ । साथै देशका अन्य भागमा अरु समुदायमा पनी यस्तो शोषण युक्त श्रम सम्बन्ध पहिचान गरी श्रमीक परिवारहरुको लागि कार्यक्रमहरु संचालन गर्नुपर्छ ।

(नवौं पञ्चवर्षिय योजनाको परिच्छेद ६)

कृषि तथा ग्रामीण क्षेत्रमा विद्यामान कमैया, हली गोठालो प्रथा जस्ता शोषण मुखी श्रम प्रणाली र श्रम सम्बन्धहरुको अन्त्य गर्दै आवश्यक कानुन तयार पारी तथा प्रशासनिक व्यवस्था गरिनेछ (श्रम तथा मजदुर कल्याण को समिति)

कमैया प्रथा विश्लेषणको रुप हो । हुनत कमैया शब्दले हलिया शब्दको अर्थ संग निकै मेल राख्छ तर कमैया प्रथा तीनवटा कारणले गर्दा छुट्टै हिसाबले हेर्नु पर्ने हुन्छ । एक यसको उद्‌गम वेग्लै किसिमको छ । पश्चिम तराईको थारु समुदायसंग गाँसिएको छ । दुई बाधाँ श्रमका विभिन्न रुपहरु सबै भन्दावढी प्रचार मा यो नै आएको छ, तीन यस प्रथामा बाँधा श्रमिकहरुको सोझो किनमेल हुने गर्दछ र एक प्रकारको दास व्यापार झै चलेको हुन्छ । ( रोवटेसन र मिश्र १९९७)

“नेपालको पश्चिमेली थारु जातिको भाषामा वार्षिक तोकुवा ज्याला वा श्रमिकले उत्पादनको निम्ति श्रम गर्ने जमिन मध्येबाट भूमिपतिले तोकिदिएको जमिनको उत्पादनमा वार्षिक ज्याला पाउने गरी अलिखित करार अवधि भरी अन्यत्र कतै जान नपाउने गरि काममा लगाइने कृषि श्रमिकलाई कमैया भन्ने चलन छ”( सम्पादन वन २०५७) ।

कमैया मुक्ती आन्दोलन २०५७ उक्त लिखित सामाग्रीबाट स्पष्ट हुनछ कि नेपालको सन्दर्भमा कमैया भन्नाले आर्थिक स्थिति कमजोर भएको कारण वाध्यतावश अर्काको घरमा काम गर्ने कामदार भन्ने जनाउँदछ ।” ( गौतम २०५७) । यसबाट स्पष्ट हुन्छ कि नेपालको सन्भर्दमा कमैया भन्नाले काम गर्ने मानिस हो भनेर जनाउँदछ ।

“माघिमा थारु जातिमा घर, परिवार सबै जुट्ने अनि सबै किसिमका कामबाट फुर्सद लिने गर्दछन् । त्यतिवेला नै किनवेच भएका भू- दास जमीनदारकहाँ पटक- पटक बेचिने मान्छे कमैय हुन भनिन्छ । यिनीहरु माघ महिनामा दासको नविकरण गरेर पुन : भू-दास बन्दछन् । परिवारहरु भूमितबाट मुक्त हुन्छन् । उनीहरु उहि मलिककोमा पुनः बस्ने करार गर्ने या नयाँ नयाँ भूमिपतिकहाँ बेचिएर पुरानो पैसा चुक्ता गर्ने गरी माघीमा मुक्त भएर माघी चाड मनाउने चलन छ ” ( घिमिरे २०५२)

कमैयाको अर्थ शब्दकोशमा यसरी दिइएकोछ । साहै जोतिन सक्ने । कामइवाला, आर्जनी, पौरखी वा हिकमति, जग्गा धनिबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने व सोसरहका किसान । (इन्सेक २०४९)

“हलिया” शब्द “हलो” शब्दबाट बनेको हो जसको शाब्दिक अर्थ हो हलो जोत्ने मान्छे तर वास्तिविक अर्थ बुझ्दा यसको अर्थ त्यो श्रमिक हो जुन अरुको खेतमा काम गर्छ । यस क्षेत्रमा यसलाई हली अथवा हरुवा शब्दले बुझ्न सकिन्छ । सुदूरपश्चिमा केही हलिया शब्दको सट्टा “कमैया” को प्रयोग हुन्छ । यद्यपी कमैया शब्दको थारु समुदायमा ऋणी बाँधा श्रमिक बुझाउने गर्दछ (रोवर्टसन र मिश्र, १९९७) ।

“कमैया भन्नाले परिश्रम गरेर आफ्नो परिवारको जीवीकोपार्जन गर्न सक्षम अर्थात धेरै पहिलेदेखि नै मिहिनेति पुरुषार्थी व्यक्तिलाई नै कमैया भनिन्छ ”(चौधरी १९९८) । यसबाट स्पष्ट हुन्छ कि नेपालको सन्भर्दमा कमैय भन्नाले आफ्नो परिवारको लागि धेरै पहिले देखि मिहिनेतका साथ परिश्रम गरेर जीविकोपार्जन गर्ने सक्षम पुरुषार्थी व्यक्तिलाई जनाउँदछ ।

खेतीको लागि स्थायी रुपमा प्रयोगमा ल्याइएको मजदुरलाई नै कमैया भनिन्छ (शर्मा र ठकुराठी १९९८) । यसबाट स्पष्ट हुनछ की नेपालको सन्भर्दमा कमैया भन्नाले खेतीको लागि स्थायी रुपमा प्रयोगमा ल्याइएको कृषि मजदुर भन्ने बुझिन्छ ।

नेपालको पश्चिमेली थारु जातिको भाषामा वार्षिक तोकुवा ज्याला वा श्रमिक उत्पादनका निम्ति श्रम गर्ने जमीन मध्ये भूमिपतिले तोकिदिएको जमीनको उत्पादनमा वार्षिक ज्याला पाउने गरी अलिखित करारमा करार अबधी भरि अन्यत्र जान नपाउने गरि काममा लगाईने कृषि श्रमिकलाई कमैया भन्ने चलन छ ।

कमैया शब्द थारु भाषाबाट उत्पत्ती भएको हो । थारु भाषामा यसको वास्तविक अर्थ कमाउने व्यक्ति (Bread winner) भन्ने लाग्छ अथवा भनौ माहुरीको कर्मिमौरी (Working Bee) को रुपमा लिन सकिन्छ तर पछी गएर यो शब्दले आफ्नो स्वतन्त्रता गुमाउदै दुर्भाव्यवंश यसको अर्थ “बाधा कृषि दास” को रुप लियो । यस शब्द जस्तै यस क्षेत्रका अधिकांश थारुहरुले पनी आफ्नो स्वतन्त्रता बाधा दास श्रम प्रथा “कमैया” रुपमा मिलिदै गए र अमानविय प्रथा भित्र जकडिदै गए । (कमैया प्रथा उन्मुलन समाज/बार्षिक बुलेटिन २००६-४३)

कमैया शब्दको आधुनिक अर्थ बधुवा मजुदर हो । नेपालमा विभिन्न प्रकारका बधुवा मजुदरहरु छन् ती मध्ये कमैया प्रथा संभवतः सबै भन्दा शोषणकारी रुप हो यो प्रथा

नेपालका सिनेमा र पर्वतारोहणमा हैन अपितु नेपालका तराईका मैदानमा प्रचिलत छ । कमैयाहरुको सबै भन्दा ठुलो संख्या आदिवासी थारुहरुको छ । कमैया प्रथा कृषि मजुदर र जमिन्दार वीच हरेक वर्ष हुने करारमा आधारित छ । (Lowe peter, Kamaiya Slavery and freedom. 2001)

थारु भाषाको ठेट शब्द "कमैया" को अर्थ "दास होइन काम गर्ने मानिस हो" परन्तु कमैया जुन रुपमा कायम थियो त्यस अमानवीय रुप (जुन सर्वप्रथम १९८४ मा उन्मुखन भई सकेको थियो) दासप्रथाको अवशेष जस्तै थियो कमैया र कृषिवाला वीचको करार मौखिक रुपमा नै हुन्थ्यो । यस्तो करार माघी (माघे संक्रान्ति) वा माघ महिनाको पहिलो सातामा हुन्थ्यो । यसको मान्यता १ वर्षसम्म रहन्थयो । कमैया बस्ने प्रथामा अधिक तथा जग्गा विहीन व्यक्ति रहेको पाइन्छ । मुख्यतया कमैया दुई प्रकारका रहेका छन भन्न सकिन्छ । जुन यस प्रकार छन् ।

१) घर जग्गा विहीन ऋृण ग्रस्त कमैया

२) घर जग्गा भएका ऋृण विहीन कमैया

कमैया प्रथाको थालनीको सन्दर्भमा एउटा तर्कके गरिएको छ भने वि.स. 1982 मा दास उन्मुलन हुनु भन्दा धेरै पहिले देखी नै प्रचलित यो पेशा को रुपमा विद्यमान थियो । त्यसैलाई आधार मान्ने हो भने दास प्रथाको उत्पत्तीको साथ-साथै कमैया प्रथाको पनि विकास भएको अनुमान गर्न सकिन्छ । यसैगरी कमैयाहरुको उत्पत्ती सम्बन्धमा अर्को पनि तर्क गरिएको छ कि वि.स.1982 मा राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा दास प्रथा समाप्त भएपछि दास प्रथाको विकृतिहरु कमैयामा सरेर आएको वा दास प्रथाको अन्त्य पछि दास प्रथाको बाँकी अवशेषबाट नै कमैया प्रथा को शुरुवात भएको इन्सेकको भनाई छ । ( चौधरी, श्रमराम, 1998)

वसन्त प्रसाद रिजाल (२०३५) ले कैलालीका "थारुहरुको एक अध्ययन" शीर्षक को आफ्ना M.A को शोधपत्रमा कैलालीका थारुहरुको जमीन पाहाडीहरुको तराई मा बसाई-सराई बढ्दै गएपछि सोभ्mा-साभ्mा थारुको जमीन उनीहरुले सस्तो मूल्यमा किने र विस्तारै थारुहरु भुमिहीन हुदै गए भन्ने कुरा औल्याएका छन् ।

थारु जातिमा थर विभाजन प्राय ठाऊँको आधारमा भएको पाइन्छ । दाङ्ग उपत्यकासित सम्बन्ध राख्ने थारुलाई दङ्गोलीया भनिन्छ भने कोशी नदिसित सम्बन्ध राख्ने थारुलाई कोचिाला भनिन्छ । थारुहरुलाई थरहरुमा विभाजन गर्दा डगौरा थार? राना थारु र कठरिया थारुमा विभाजन गरको पाइन्छ । पश्चिम नेपालका थारुहरुले आफ्नो थरलाई कोचिला, दनवार, कछ्छपरिया, दङ्गोलीया, कठरिया, रकटिया, राना खनाहा, सुनाहार र राजी लेखिएका पाइन्छ । थारुका जातिय उपाधि आफ्ना अर्जित स्वरुप अनुसार पनि राहेको देखिनछ । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ । राउत, राय, खाँ, अधिकारी, रोहित, पँजिया, दास, भगत, मण्डल, चौधरी, धामी, लाल महतो, थते, विशवास, राना, पहर, पाई बैठा, बछ्छार, मदिया माद, हुज्यदार (शर्मा, २०३५)

“नेपाल अधिराज्यको संविधान, २०४७” तथ्य प्रचलित कानूनले मानिसलाई बेचविखन गर्न, तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको ईच्छा विरुद्ध काम गराउन पूर्णतः निषेध गरेको र प्रचलित कानून मुलुकी ऐनको जीऊ मास्ने बेच्ने महलले त्यस्तो कुनै पनि काम कारवाहीलाई दण्डनीय समेत घोषित गराई ३ वर्ष देखि १० वर्षसम्म कदैको सजाय हुने व्यवस्था भएतापनि अधिराज्यका केही भागहरुमा कमैया प्रथाको नाममा आजपनि कमैयाको रुपमा असहाय तथा अशिक्षित श्रमिकहरुलाई काममा लगाई शोषण गर्ने सामन्ती परिपाटी कायमै रहेको सन्दर्भमा २०५७ साउन २ गते (आजको मिति) देखि नेपाल अधिराजय भर कुनै पनि क्षेत्र वा भागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष वा कुनै पनि तरिकाले असहाय तथा अशिक्षित श्रमिकहरुलाई काममा लगाउन पूर्णतः निषेध र गैर कानूनी घोषित गर्ने । (स्रोत मुक्त कमैया पुर्नस्थापन कार्यक्रम २०६५, भूमिसुधार कार्यालय कैलाली)

# अध्याय तीन

## अनुसन्धान पद्धति

प्रत्येक अनुसन्धान कार्यमा अनुसन्धान विधिको प्रयोग गरिएको हुन्छ । अनुसन्धान विधि विनाको कार्यले अनुसन्धान पूर्ण हुदैन एउटा मात्र अनुसन्धान विधिले सूचनाको स्रोत प्राप्त गर्न सकिँदैन । तसर्थ यहाँ विभिन्न प्रकारका अध्ययन विधि र तथ्याङ्क संकलन गर्ने विधि प्रयोग गरिएको छ । यस परिच्छेदमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धान प्ररचना, समग्रता र नमूना, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क संकलन विधि ,तथ्याङ्क विश्वलेषण र प्रस्तुततीकरण, अधययनको सीमा आदिलाई प्रस्तुत गरिएको छ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

कमैया मुक्तिको सरकारी घोषणा पश्चात् सबै क्षेत्रको अधययन गर्न सम्भव नहुने र एकै पटक गर्ने लक्ष्य पनि नभएकोले एउटा अधयययन क्षेत्र निर्धारण गर्दा सजिलै अध्ययन गर्न सकियोस् र अध्ययनले कमैयाको जनघनत्व भएको मूल क्षेत्रलाई ढाकोस् तथा अध्ययन नतिजा, समुच्च, मुक्त कमैयाहरुको वासतविक स्वरुप देखाउन सक्षम होस् भन्ने दृटिष्कोणलाई प्राथमिकता दिइएको छ । अधिकांश कमैयाहरु तराई मूलका थारु जातिहरु नै भएको जानकारी हुन आएकोले र “नयाँ मुलुक” भनिने क्षेत्रमा न थारुहरुको बसोबास धेरै देखिएकोले त्यही क्षेत्रको एउटा सानो क्षेत्रलाई आधार मानि पश्चिम तराईको कैलाली जिल्लाका गेटा गा.वि.स. शिविरलाई यस अध्ययनको लागि छानिएको हो । गेटा गा.वि.स. मा अवस्थित यो शिविरमा १५० जति परिवार संख्या रहेका छन् । यो शिविरमा मुक्त कमैयाको वास्तविक स्वरुप र जनघनत्व भएको कारण यस क्षेत्रलाई अध्ययनको लागि छनौट गरिएको हो । यही अध्ययन क्षेत्रको छनौट गर्नाको कारण

- मुक्त कमैयाहरु धेरै जसो यही शिविरमा बस्ने गरेका छन् ।
- मुक्त कमैया आन्दोलनको प्रारम्भ गेटा गा.वि.स. मा रहेका जमिन्दार शिवाराजपन्तको घरबाट भएको ले गर्दा ।
- मुक्त कमैयाको यथार्थ झल्काउने वातवरण भएको गर्दा ।

- २०६४ साल भाद्र महिनामा यहाँका स्थानिय एक व्यापारीको यस ठाउँमा शंकास्पद रुपमा मृत्यु भएको कारणले मुक्त कमैयाहरुका सम्पूर्ण घर टहरा जलाइएको थियो जसको कारण ले यो क्षेत्र झन तनावग्रस्त भएको थियो ।

- बजार नजिक भएको र बाटो घाटोको छेउछाउ भएका कारणले गर्दा यिनीहरुको छेउछाउबाट सरोकारवाला को आवतजाउत प्राय भइरहने कारणले गर्दा खेरी आखिरी यस शिविरका लागि त यती गरे भने अन्यत्र के गरेको होला आदीको जानकारी पाउनका लागि ।

- कैलाली जिल्ला थारुहरुको मुल बसोबास रहेको स्थान भएका र मुक्त कमैयाको आन्दोलनको सुरुवाती जरो यही जिल्लाबाट भएको काणले ।

- बिभिन्न ठाउँका मुक्त कमैयाहरुको जानकारी लिदा यस ठाउँमा ज्यादा मुक्त कमैयाहरुको बस्ती भएको ।

- मजदुरी गरिखाने मुक्त कमैयाहरु धनगढी बजारमा भेटिने हुनाले सजिलो को लागि

- मुक्त कमैयाहरुको वारेमा जानकारी राख्ने विशेष अभिरुचि रहेकोले पनी यस यस क्षेत्रलाई छनोट गरिएको छ ।

- शोधकर्ता ८,१०,वर्ष देखी नै अध्ययन क्षेत्रकै बासिन्दा भएकाले भाषिक र अन्य ज्ञानको कारण तथ्याङ्क संकलन गर्न सजीलो हुनले भएकोले ।

## ३.२ अनुसन्धान प्ररचना

अनुसन्धानमा विवरणात्मक अनुसन्धान ढाँचा प्रयोगमा  ल्याइएको छ । विवरणात्मक अनुसन्धान ढाँचाबाट अध्ययन क्षेत्रको संख्यात्मक र गुणात्मक सुचनाहरु संकलन गरिएको छ । जस अन्तर्गत शिक्षा, स्वास्थ्य कमैयाहरुको  अवस्था, महिलाहरुको स्थिति वासस्थान तथा सुकुम्बासी हुनुको कारक तत्वहरु संकलन गरिएको छ ।

### ३.३ अध्ययनको समग्रता र नमुना

यस अनुसन्धानका लागि छनौट गरेको परिवार संख्या १५० रहेकोमा सबै जनसंख्याको अध्ययन गर्न असम्भव भएको हुँदा कुल परिवार संख्या मध्येबाट दैनिक छनौट (Random Sampling) को आधारमा प्रत्येक तीन घर परिवार मध्येबाट एक घर परिवारलाई छानिएको छ । जसमा ५० घर परिवार नमुनाको रुपमा भेटेर सहि सूचना लिइएको छ । यसका अतिरिक्त पारिवारिक सर्वेक्षण, स्थलगत निरीक्षण र अवलोकनको माध्यमबाट पनि तथ्याङ्क संकलन गरिएको छ ।

अध्ययनको लागि कतिपय द्वितीय तथ्याङ्कहरुलाई पनि प्रयोग गरिएको छ । यस अन्तर्गत गेटा गा.वि.स.को अभीलेख शिविरका साथै विभिन्न संघ संस्थामा रहेको अभिलेखका अतिरिक्र विभिन्न समयमा कमैया सम्बन्धी प्रकाशित लेख, रचना, पुस्तक पत्रपत्रिका, स्मारिका तथा शोध पत्र आदिलाई तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलन विधि

कुनै पनि विषयको अध्ययन र अनुसन्धानमा तथ्याङ्क संकलन विधिको ठूलो भूमिका हुन्छ । अध्ययनको आशातीत परिणाम पनि तथ्याङ्क संकलन विधिमा निर्भर रहन्छ । अध्ययनलाई पूर्णता दिनका लागि पनि तथ्याङ्क संकलन आवश्यक छ । यसमा पनि प्राथमिक, द्धितीय तथ्याङ्क संकलन विधि अपनाइएको छ । प्राथमिक तथ्याङ्क संकलनका लागि निम्न लिखित विधि अपनाइएको छ ।

#### ३.४.१ प्राथमिक तथ्याङ्क संकलन

यस किसिमको तथ्यांक संकलनको लागि स्थलगत अध्ययन हुनु अनिवार्य भएकोले स्थलगत अध्ययन गरि निम्न विधि अपनाई तथ्यांक संकलन गरिएको छ ।

**क) अन्तरवार्ता अनुसूची**

अध्ययनको लागि प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा अर्न्तर्वार्ता अनुसूची तयार गरी यस प्रविविधको सहायताबाट पाल टाँगेर बसिरहेका मुक्त कमैयाहरुको गेटा गा.वि.स. शिविरमा गइ त्यहाँ रहेका मुक्त कमैयाहरु मध्ये अध्ययनका लागि छनौटमा परेका ५०

घर परिवारका प्रत्येक घरका एक-एक जना उत्तरदाहरुसँग प्रत्यक्ष सर्म्पक राखी उनीहरुबाट आफुलाई आवश्यक हुने तथ्य एवं तथ्याङ्क प्रापत गरी त्यसको आधारमा  प्राथमिक तथ्याङ्कहरुलाई एकत्रित गरिएको छ । यसरी अन्तरवार्ता लिदा खेरी उनीहरुले वर्तमान अवस्थामा भ्भेलिरहेका समस्याहरुको जानकारी प्राप्त  भयो । शोधकर्ताले अन्तरवार्ता लिद मुक्त कमैया शिविर नजिकै रहेको चौतारीमा एक महिलाले त मेरो लोग्ने विरामी छ हजुर, मलाई तपाईको संस्थाबाट रु ५०००।- जती सहयोग गरिदिनु पऱ्यो भनेर रुन थालीन, यस्तै अरु अरु उत्तर दाताहरुले पनि आ-आफ्नो समस्या देखाए र आर्थिक सहयोग गरिदिनु पऱ्यो भने । स्थानिय व्यापारीको मुक्त कमैयाहरुले सरकारलाई २०६४ साल भदौ १० गते दवाब दिनलाई गरेको चक्का जामको वेला मुक्त कमैया बस्ती अगाडी मोटर साइकल र शव विहान फेला पारे पछि मलामी र आफन्तहरुले मुक्त कमैया बस्तीका ११ बजे दिउसो ४६ बटा छाप्रोमा आगो लगाइदिएर मुक्त कमैयाका लत्ता कपडा, भाँडाकुडा सहीत सर्वस्व ध्वस्त पारेका थिए र बाकी १५/२० बटा छाप्रो तोडफोड गरी दिए उनीहरुको यो हालत देखेर स्थानीय वासिन्दाले थोरै मात्रामा काठ सहयोग गरि उनीहरुलाई सहयोग गरेको बताए ।

**ख) अवलोकन**

यस अध्ययनमा शोधकर्ता आफैले अध्ययन क्षेत्रका मुक्त कमैयाहरु बस्ने प्लाष्टिकको छाप्रोमा गई उनीहरुको लवाइ खवाइ जस्ता कुराहरुको बारेमा अवलोकन गरी आवश्यक तथ्याङ्क  संकलन गरिएको छ । मुक्त कमैयाका दिनचर्या, बानी व्यवहोरा, खानपीन, घरयासी काममा महिला पुरुष सहभागिता जस्ता  अध्ययनका पक्षबारे  अवलोकन विधि अपनाइ तथ्याङ्क संकलन गरेको छ । प्रत्यक्ष अवलोकन विधिबाट प्राप्त  हुने जानकारी  तथा तथ्याङ्कहरुबाट  निकालिने निष्कर्ष बढी प्राथमिक र विश्वासनीय हुने भएकोले अवलोकन विधि अपनाइएको छ ।

**ग) सामूहिक छलफल**

यस अध्ययनको क्रममा  सामाजिक  आर्थिक अस्थाबारे तथ्याङ्क  संकलन गर्नको लागि मुक्त कमैयाहरु तथा गैर सरकारी संघ संस्थाहरुमा  छलफल गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ । छलफलको वेला उनीहरुको संस्कृति चालचलनको, कस्ले कस्ले कुनकुन कार्य गर्दै हुनुहन्छ भनेर छलफल गरियो । धर्म, सांस्कृति भाषा जातजाती विचको

सम्बन्ध रहन सहन अर्थ, राजनीति आदि सम्पूर्ण कुराको छलफल गरियो । मुक्त कमैया शिविरमा कस्ले कस्ले कस्तो सहयोग गऱ्यो आदी सबैको छलफल गरियो ।

**घ) अवस्था अध्ययन**

सामाजिक एकाई र व्यक्तिगत एकाईलाई आधार मानी कमैयाको यथार्थ विवरणलाई बाहिर ल्याउन अवस्था अध्ययन गरिएको छ । जस्मा कुनै घर तथा व्यक्तिको अवस्था अध्ययन गरिएको छ । यसमा उत्तरदाताको अनुभूति र आकांक्षा पनि लिइयो । अवस्था अभ्यनमा भने कसैको झुप्रोमा तल पराल फिजाएको थियो । प्राय संध संस्थाका कर्मचारीहरु शिविरमा जाने कारणले गर्दा खेरी सबै जानाहरुको वोली मिठो नै थियो ।

**३.४.२ द्धितीय तथ्याङ्क संकलन**

द्धितीय तथ्याङ्क श्रोतबाट तथ्यांक लिनको लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्था व्यक्ति तथा अन्य श्रोतलाई आधार बनाइएको छ । केन्द्रिय तथ्याङ्क विभाग, सम्बन्धित गा.वि.स., नगरपालिकामा रहेका अभिलेख भुमीसुधारमा रहेको तथ्याङ्क, पत्रपत्रिका, प्रकाशन भएका लेखरचना, स्वदेशी तथा विदेशी लेखकद्धारा तयार पारिएका पुस्तक र प्रतिवेदन विभिन्न विद्धानद्धारा लिखित सोधपत्रलाई पनि द्धितीय तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको छ । खास गरि थारु जातिको परिचय तथा उत्पत्ति र अन्य केही कुराको विश्लेषण द्धितीय तथ्याङ्कको श्रोत संकलनबाट प्राप्त जानकारीमा आधारित छ ।

**३.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण**

अध्ययनको लागि छनौटमा परेका उत्तरदातासँग तथ्याङ्क संकलन गर्ने क्रममा अन्तवार्ता अनुसूची, अवलोकन, सामूहिक छलफलका माध्यमबाट संकलन गरिएका तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृतिको आधारमा विभिन्न समूहमा वर्गीकरण गरी अनावश्यक तथ्याङ्कहरुलाई छाटकाट गर्दै आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरिएको छ । साथै तालिका अन्तर्गत संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा समेत प्रस्तुत गर्दै उत्तरदाताहरुले व्यक्त गरेका प्रतिक्रियाहरुलाई विवरणात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.६ अध्ययनको सीमा

यो अध्ययन सानो किसिमको हो । यो अध्ययन कैलाली जिल्लाको गेटा गा.वि.स. मोहना नदी किनारमा नेपाल सरकारको मिति : २०५७।४।२ गते निर्णय अनुसार शिविर बनाई सुकुम्बासी भएर बसेका १५० घर परिवार संख्या मध्ये ५० घर परिवारका प्रत्येक एक-एक जना मुक्त कमैयाहरुसँग आधारित भएर अध्ययन गरिएको छ ।

- यस अध्ययनबाट हुने धारणा, विचार, खोज तथा सत्यता, अरु जिल्लाको अध्ययन भन्दा भिन्न हुन सक्नेछ ।
- प्रस्तुत अध्ययन आंशिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले गरिएको हुँदा धेरै ठूलो क्षेत्र ओगट्न असमर्थ भएकोले उपरोक्त गेटा गा.वि.स. शिविरमा रहेका १५० घर परिवार मध्ये ५० घर परिवारका प्रत्येक एक एक जना मुक्त कमैयाहरुलाई मात्र लिइएको छ ।
- यो अध्ययन उक्त ठाउँमा गरिएको स्थलगत अध्ययन तथा हालसम्म प्रकाशित पुस्तकहरु तथा पत्र-पत्रिकाहरुबाट प्राप्त जानकारीसँग मात्र सम्बन्धित छ ।
- यस अध्ययन केवल कैलाली जिल्लाको गेटा गा.वि.स. शिविरमा पाल टाँगेर बसिरहेका मुक्त कमैयाहरुको सामाजिक आर्थिक अवस्थाको जानकारी र उत्थानका लागि सुझावहरुमा मात्र सीमित रहेको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको भौगोलिक, सामाजिक र साँस्कृतिक विवरण

### ४.१ कैलाली जिल्लाको परिचय

नेपालको सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रमा सेती र महाकाली गरी दुई अञ्चाल पर्दछन । माहाकाली अञ्चलका चार जिल्ला बैतडी, दार्चुला, डडेल्धुरा र कञ्चनपुर हुन भने सेती अञ्चलका कैलाली, डोटी, बझाङ्ग, अछाम र वाजुरा हुन । कैलाली सेती अञ्चालको तराई क्षेत्र मा पर्ने एकमात्र जिल्ला हो । यस जिल्लामा ४२ वटा गा.वि.स. २ वटा नगरपालीका र ६ वटा निर्वाचन क्षेत्र रहेका छन् ।

कैलाली जिल्लाको सदरमुकाम धनगढी हो, जुन सेती अञ्चलको सदरमुकाम पनि हो । २०५८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ६१६६७९ छ । जस मध्ये ३१,२३११ पुरुष र ३०४३८६ महिला छन् । यहाँको जनसंख्यामा थारुहरुको प्रधानता छ । कैलाली जिल्लामा रहेका थारुहरुको जम्मा जनसंख्या २६९५२१ रहेको छ । जसमा १३७०५४ पुरुष रहेका छन् भने १३२४६७ महिला रहेका छन् । थारु मातृभाषा बोल्ने २५,७५१२ रहेका छन् । यो संख्या नेपाल अधिराज्यको अरु जिल्लाको तुलनामा सबभन्दा ठूलो हो ।

### क) प्राकृतिक स्वरुप र सम्पदा

कैलाली जिल्लाको उत्तरमा चूरे पर्वतको श्रृङ्खालखा र दक्षिणमा भारतको सिमानासम्म फैलिएको छ । अनेकौं नदिनालाले सिँचित यो जिल्लामा साल, सिसौ, सिमल जस्ता मूल्यावान वृक्षका वन र बाघ, हात्ती, चित्तल, बाह्रसिंगा, कृष्ण सागर, लुइँचे, तित्रा, मुजुर जस्ता अनेकौ दुर्लभ पशुपंक्षी आदि पर्दछन् ।

### ख) प्रमुख स्थानहरु

धनगढी अत्तरिया, लालपुर, वाणी, चौमाला, हँसुलिया, भजनी, सती, मुडा, मालाखेती, टीकापुर कैलाली, लम्कि जिल्लाका प्रमुख स्थानहरु हुन् । यस जिल्ला ४२ बटा गा.वि.स.र २ वटा नगरपालिका छन् ।

## ४.२ अध्ययन क्षेत्रको परिचय

### ४.२.१. भू बनावट

कैलाली जिल्लाको गेटा गा.वि.स. समुन्द्र सतह देखी १७९ मिटरमा (५८७ फिट) मा पर्दछ । यस गा.वि.स.को पश्चिममा मोहना नदी, उत्तरमा महेन्द्रराजमार्ग र दक्षिणमा धनगढी नगरपालिकालले सिमा छुट्टाएको छ । यो अन्दाजी २८° ३२' देखी २९° सम्म उत्तर आक्षांशमा र अन्दाजी ८०° देखी ८१° १५ पूर्व देशान्तर भित्र पर्दछ ।

गेटा गा.वि.स.को श्रीलंका र गेटी मा अवस्थित मुक्त कमैया शिविरलाई अध्ययनको क्षेत्रको रुपामा लिइएको छ । कैलाली जिल्लामा अवस्थित १३ इलाकाहरु मध्ये इलाका नं. १३, निर्वाचन क्षेत्र नं. ६ मा अवस्थित गेटा गा.वि.स.को क्षेत्रफल २९.४७ वर्गा किलोमिटर छ । यस गा.वि.स. को जम्मा जनसंख्या १२,२२४ छ । धनगढी सदरमुकाम देखी ३ कोष दुरीमा अवस्थित यस गा.वि.स.मा ९ बटा वडा छन् । जुन निम्न लिखित अवस्थामा रहेका छन् ।

**गेटा गा.वि.स.को जनसंख्या विवरण**

**तालिका २**

| | वार्ड नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| घर परिवार | ८० | १८० | ५४७ | १६० | १५२ | ३७८ | १२७ | १७६ | १०१ | १९०३ |
| पुरुष संख्या | २८४ | ५३५ | १५४२ | ५९४ | ५६७ | १२१६ | ४७७ | ४७७ | ३७५ | ६२६० |
| महिला संख्या | २८२ | ५२१ | १४७६ | ५६२ | ५२४ | ११३८ | ४५१ | ४५१ | ३६१ | ५९६० |
| जम्मा | ५६६ | १०५६ | ३०१८ | ११५६ | १०९१ | २३६४ | ९२८ | ९२८ | ७४६ | १२२२४ |

तथ्याक स्रोत :- केन्द्रिय तथ्यांक विभाग २०५८

यसरी माथीको तालिकाबाट गेटा गा.वि.स. मा पुरुषको संख्या महिला भन्दा ज्यादा रहेको छ यसै गरि विभिन्न जातजती अवस्थित यस गा.वि.स.मा जातीगत स्थिति निम्न लिखित छ ।

**गेटा गा.वि.स.मा रहेका थरहरु**

**तालिका ३**

| जात/ जाती | संख्या | प्रतिशत |
|---|---|---|
| थारु | २५५३ | २७.७ |
| ब्राम्हण | २५१९ | २०.७० |
| मगर | १७२९ | १४.१४ |
| क्षेत्री | १७०७ | १३.९ |
| कामी | ३२० | २.६१ |
| ठकुरी | २५७ | २.१० |
| अन्य | २४३९ | १९.९५ |
| जम्मा | १२२२४ | १०० % |

स्रोत केन्द्रिय तथ्ययांक विभाग २०५८

यसरी जातीगत रुपमा यस गा.वि.स.मा थारुहरुको ज्यादा बाहुल्यता छ ।

धर्म सम्बन्धी विवरण हेर्दा यस गा.वि.स. मा निम्न प्रकारका धर्मावलम्बीहरु छन् ।

**गेटा गा.वि.स.मा रहेका धर्म सम्बन्धी विवरण**

**तालिका ४**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | १२०६० | ९८.६५ |
| वौद्ध | ६२ | ०.५०७ |
| ईस्लाम | १२ | ०.०९८ |
| क्रिश्चियन | ८४ | ०.६८ |
| नखुलेको | ६ | ०.०४९ |
| जम्मा | १२२२४ | १००.०० |

तथ्यांक स्रोत केन्द्रिय तथ्ययांक विभाग २०५८

यसरी माथीको तालिका अनुसार गेटा गा.वि.स. मा हिन्दु धर्माबलम्बीको ज्यादा बाहुल्यता छ । त्यसैले यस गा.वि.स.मा अवस्थित मुक्त कमैयाहरु पनि प्राय सबै हिन्दुधर्मावलम्बीहरु नै छन् ।

### ४.२.१.२ माटो

यस अध्ययन क्षेत्रको माटो एकदम बलौटे छ नदी किनारा भएको कारणले गर्दा यस क्षेत्रमा केही पनि राम्रोसंग अन्न वाली फल्दैन

### ४.२.१.३ हावा पानी

यस अध्ययन क्षेत्रमा उष्ण हावापानी पाइन्छ । हिउदे ऋतुमा मौसम अली रमाइलो हुन्छ । साँझ विहान हिउँदमा कुहीरो लाग्छ । गर्मीमा यस क्षेत्रमा लु चल्छ ।

### ४.२.१.४ वनस्पती

उत्तरमा चुरे पर्वतको श्रङखला र दक्षिणामा भारतको सिमानासम्म फैलिएको छ । अनेकौ नदि नाला ले घेरिएको यो गा.वि.स.मा साल, सिसौ, सिमल, जामुन, जस्ता मूल्यवान वृक्षका वन र बाँदरा, बकुल्ला, लोखर्के, लुइचे जस्ता पशुपंक्षी आदी पाइन्छन् । उब्जाउ भूमि मानिएको यस तराई क्षेत्रमा औलो जस्तो भयानक रोगको नियन्त्रण भएकोले अनेकौ ठाउँमाहरुमा कटान भई वसोवास बढ्दैछन् ।

### ४.२.१.५ वन्यजन्तु

यस अध्ययन क्षेत्रमा वन्यजन्तुका नाम मा बाँदर, स्याल, लोखर्के आदी पाइन्छन् । चराचुरीङ्गी पनि यस क्षेत्रमा धेरै नै पर्दछन् ।

### ४.२.१.६ अध्ययन क्षेत्रमा प्रवेश र सम्बन्ध स्थापना

धनगढी सदरमुकाम देखी ३ कोष उत्तरमा मेनरोड संग जोडिएको यस क्षेत्रलाई पुर्व पश्चिम राजमार्गले अत्तरियामा छोएको छ भारतसंग उत्तर प्रदेशको लखिमपुर (खिरी) जिल्लाको गौरीफन्टा नाकासंग कैलाली जिल्लाको धनगढी नगरपलिका जोडिएको छ ।

## ४.३ थारु र मुक्त कमैयाहरुको उत्पति

"स्थाणु" वा "स्थरु" शब्दको अर्थ थारु हो । संस्कृत व्याकरणमा "थर्व" धातु (पुलिङ्ग) एक वचनमा "थर्वा" वहुवचनमा "थर्वाण" र स्त्रीलिङ्ग "थर्वेणी" मानेर नेपाली भाषा थर्वाण बाट 'थारु' र थर्वेणी बाट थरुनी  भनिन्छ । (गौतम, टेकनाथ २०४४, पे ५)

थारु हरु राजिस्थानमा मुसलमान को आक्रमण पछी नेपाल आएका हुन् । शत्रु को हात पर्नु भन्दा बरु भाग्न उचित मानेर यिनीहरु आ-आफ्नो नोकरका साथमा नेपाल पसेका थिए । थारुहरु संभवतः तराईमा बसोबास गर्ने पुरानो समुह हो । यिनीहरु प्राय जसो घनाजंगल भएको क्षेत्र नजिक बस्दछन् । धेरै जसो थारु वस्तीहरु जंगल विच खाली भएको ठाँउमा पाईन्छ । धेरै जसो थारु वसोवास उष्ण मलेरिया क्षेत्र, जहा जंगली जनावर हात्ती, गैडा, भालु, बाघ तथा विषालु सर्पहरु भएको क्षेत्रमा पाईन्छ (विष्ट डोरबहादुर, 1972.118,119)

कमैया  शब्द  थारु भाषाबाट उत्पत्ती भएको हो । थारु भाषामा यसको वास्तविक अर्थ कमाउने व्यक्ति भन्न ( Bread winner) भन्ने लाग्छ अथवा भनौ माहुरीको कर्मिमौरी (Working Bee) को रुपमा  लिन सकिन्छ  तर पछी गएर यो शब्नले आफ्नो स्वतन्त्रता गुमाउदै दुर्भाव्यवंश यसको अर्थ "बाधा कृषि दास" को रुप लियो ।  यस शब्द जस्तै यस क्षेत्रका अधिकांश थारुहरुले पनी आफ्नो स्वतन्त्रता बाधा दास श्रम प्रथा "कमैया"को  रुपमा प्रस्तुत गर्दै गए र अमानविय प्रथा  भित्र जकडिदै गए । (कमैया  प्रथा  उन्मुलन समाज/बार्षिक  बुलेटिन २००६-४३)

कमैया शब्दको आधुनिक अर्थ बधुवा मजुदर हो । नेपालमा विभिन्न प्रकारका बधुवा मजुदरहरु छन् ती मध्ये कमैया प्रथा संभवतः सबै भन्दा शोषणकारी रुप हो यो प्रथा नेपालका सिनेमा र पर्वतारोहणमा हैन अपितु नेपालको तराईका मैदानमा प्रचिलत छ । कमैयाहरुको सबै भन्दा ठुलो संख्या आदिवासी थारुहरुको छ  । कमैया प्रथा कृषि मजुदर र जमिन्दार वीच हरेक वर्ष हुने करारमा आधारित छ । (Lowe peter, Kamaiya Slavery and freedom. 2001)

### ४.३.१ शारिरीक वनावटा

थारु जतिका मानिसहरु होचोकद भएका, रंगमा गहुगोरा, नाक केही थेप्चो वाक्लो ओठ, पोटिलो शरिर भएका हुन्छन् । पुरुषमा दाह्रि जुङ्गा कसैको पातलो हुन्छ भने कसैके हुदैन । थारु जतिको शारिरीक बनावट किराती जातीको जस्तो हुन्छ ।

### ४.३.२ भाषा

थारु जातीका मानिसमा सबै स्थानमा एकै किसीमको भाषा पाइदैन । पुर्व, मध्यम र पश्चिमका थारुहरुमा अलग अलग भाषाहुन्छ ।

**केहि थारुगत शब्द र तीनको नेपाली र अंग्रेजी अर्थ**

**तालिका ५**

| English | नेपाली | थारु |
|---|---|---|
| I | म | मै |
| Fish | माछा | मछली |
| Meat | मासु | मास |
| Ton gye | जिब्रो | जिव |
| Die | मर्न | मोरगिल |
| Fire | आगो | आगी |
| Wood | काठ | काठि |
| Double | दुइवटा | दुईटो |
| Eye | आँखा | आखी |
| Eat | खानु | खाई |

तथ्यांक स्रोत स्थलगत अध्ययन- २०६५

### ४.३.३ जातीगत पहीचान

थारुहरुलाई मुख्य दुई समूहमा विभाजन गरिएको छ। प्रधान थर अप्रधान थर प्रधान थर भएकाहरु अप्रधान भन्दा आफूलाई माथि ठान्दछन् । (विष्ट, डोरबहादुर) । प्रधानथरका ६ वटा उप थरहरु हुन् भने अप्रधान २६ गरि जम्मा ३२ वटा थारहरु छन् ।

यि मध्ये केहि प्रचलित थरहरु निम्न लिखित छन् ।

१. लालपुरिया २. सोलरिया ३. राना ४. मदेनिया ५.कठरिया ६. मोरङिया ७.रौतार ८. सुनाह ९.चितौनिया १०.दाँग ११. वाँर्दिया १२. वर्दिया १३ खस १४.लामपुछवा १५. डगौरा १६. कोचिला १७. कोचविहारी १८. राजहरिया आदि छन् ।

तर मुक्त कमैयाहरु अथवा कैलाली, कञ्चनपुर गरि पश्चिमका थारु समुदायमा निम्न लिखित थरहरु छन् ।

### क. घर गुरुवा

यो परिवारका पुजारी हुन्छन् र यिनले अरु परिवारमा आएका कठिनाईहरुलाई निर्मुल पार्ने भूमिका खेल्दछन् । विवाह, भुतुवा पुजा वा अन्य कुनै रोग व्याथाका वेला घरगुरुवा थर भएकाले सहयोग गर्छन । यसको वदलामा प्रत्येक घरबाट वर्षको एक दिन श्रमदान लिने गर्दछन् । घर गुरुवाहरुलाई पनि निम्न लिखित रुपमा विभाजन गरेका छन् ।

क.दहित ख. सुखोरया ग. कटकटवा घ) राजी

### ख. वरिन

वरिन थर भएकाको धार्मिक कार्यकलाप सम्बन्धी कार्य घर गुरुवाले नै गरिदिन्छन् । यसका (वरिन) समुहमा निम्न लिखित समुहका थारुहरु छन् ।

क.गम्बा ख. नम्बा ग. जिङमुनी घ) मलगुनी ङ. कोतलवां

च. मगरथा छ. घरच्वर ज. चिल्रहवा झ. घचकटवा ञ. बास गौदरिया ट. बामन ठ. खरग्या ड.अहिर ढ. ललदरिया ण. उल्रहवाआदि छन् ।

**केहि रोचक जानकारी थारु सम्बन्धी**

क) घरच्वारः- यस उपथरका कुल देवताले अर्को उपथरका डोरी (गाईगोरुको घाटीमा बाध्ने) चोरेकाले त्यतीवेला देखि यस देवताका अनुयायीहरु घरच्वार भएका छन् ।

ख) घचकटवा :- यस थरका मुख्य मानिसले दशैंमा एउटा बच्चाको घाटी काटी दिएकोले त्यसका सन्तान घचकटवा भएको भन्ने भनाई छ ।

**ग. यस समुहमा घर गुरुवा र वरिनको विचमा रहेका पर्दछन्**

क) घरहवा ख) वामन

यसरी थारु समुदाय एक मिश्रित प्रणाली भएका कारणले मंगोलियन, द्रविक र नर्मिक गरि तीन भागमा विभााजन गरिएको छ । (डा. मजुम्दार ) यसरी विभिन्न जातमा रहेका थारुहरु मतवालीमा पर्दछन् । मांस प्रियता पनि यिनीहरुमा औधी देखापर्दछन् । हिन्दु संस्कारमा दिक्षित भएका थारुहरु चोखो नीति परहेंज गर्ने गर्दछन् । सगोत्र एवंम् मामा चेला, फुपु चेलीमा थारुहरुको विवाह चल्दैन । दाजुको मृत्यु भएपछि देवरले परिवार र आफ्नो सहमतीमा भाउनुसंग विवाह गर्न सक्छन् ।

## ४.३.४ घरको वनावट

थारुहरुको घरको वनावट उत्तर, दक्षिण लामो हुनछ । यी घरहरु मा दुईवटा मुल ढोका हुन्छन् । एउटा पूर्वतिर र अर्को त्यसैको सिधा पश्चिम तिर । घरको भित्तामा विभिन्न प्रकारका माटाका चित्रहरु बनाएका हुन्छन् । थारुहरुको घरको झ्याल भने एकदम सानो हुन्छन् ।

## ४.३.५ पिउने पानी

प्राय सबै जसो हेण्डपम्पको पानी नै प्रयोग गर्छन । पहिला पहिला गाऊमा एक दुई वटा इनार भएपनि हाल हेण्डपम्प गाड्न सजिलो र कम खर्चिलो, अनि स्वच्छ हुने हुनाले सबैले हेण्डपम्प नै प्रयोग गर्ने गर्दछन् । पानी पिउदा कसैले पनि पानी उमलेर पिउदैनन् ।

### ४.३.६. भेषभुषा र आभुषण

पुरुष थारुहरुको पुरानो पहिरन लंगोटी (ठाडो धोती), कमीज टोपी र काठले बनाएको खराऊ प्रमुख हुन भने आइमाईहरुको चोलिया, घोघटी (ओड्ने), नेहगी हुन् । हाल पुरुष तथा महिलाहरुले परम्पारगत पोशाकमा परिर्वतन गरि लगाएको पाइन्छ । पुरुषहरुले हाल कमिज, पाईन्ट, टिसर्ट,  आदि लगाएको पाइन्छ ।भने महिलाहरुले पनि लुंगी, म्याक्सी, सारी, ब्लाउज, कुर्ता सलावर लगाएको पाइन्छ ।

महिलाहरुले लगाउने गरगहनाहरुमा  खुट्टामा पाउजु, कल्ली, कानमा कन्सी, झुम्का, नाकमा नथनी, घाँटीमा हंसुली, पोते, हातमा चुरा, बाला, आदी छन् । तर मुक्त कमैया शिविरमा भने कोही कोही पुराना पोसाकमा भेटिएपनि प्रयाः जसो सवैले  आघुनिक पोशाक नै लगाएका थिए ।

### ४.३.७ खानाको वानी

थारुहरु पनि अरु नेपालीहरु जस्तै दाल, भात, रोटी र तरकारी खान्छन् । रोटी संग प्राय जसो यिनीहरु नुन र खुर्सानी औंधी मनपराउछन् । तरकारी सुख्खा भन्दा हरेक चिजको झोल नै ज्यादा खान्छन् । भात पनि यिनीहरु जलाएको वा डढेको भात खान मन पराउछन् । भात वच्यो भने उक्त बचेको भातलाई जाडँ वनाउनमा प्रयोग गर्छन दिनमा तिन चोटी सम्म खाना खाने थारुहरु दिउँसो नास्ताका रुपमा पनि विहान पकाएको भात नै प्रयोग  गर्दछन् ।

### ४.३.८ धर्म

प्राय थारु समुदाय हिन्दु धर्मावलम्बी भएपनि आजकाल क्रिश्चियन धर्म प्रचारकहरु ले केही केही थारुलाई आफ्नो धर्म प्रति आकर्षित गरेका  छन् । विभिन्न प्रकारका प्रलोभन देखाएर केही थारुहरुलाई क्रिश्तियन धर्म तिर लागेका छन् ।

### ४.३.९ चाड पर्व

अधिंकास कमैयाहरु थारु जातिका भएकाले यहाँ थारुहरुका चाडपर्वहरुका बारेमा उल्लेख गरिएको छ ।

### अ) माघि (माघे संक्रान्ति)

थारुको सबै भन्दा ठूलो पर्व माघि (माघे संक्रान्ति) मानिन्छ । यस चाडका लागि ५/७ दिन अगाडिबाट सर सामान जुटाउन थाल्दछन् । माघिका दिन सुर्योदय नहुदै गाउँका सबै थारुहरु आगनमा एकत्रित भई मालद ठोक्दै (बजाउदै) नदिमा नुहाउन जान्छन् । नुहाई कपडा फेरेर नुहाएको नदीमा सकक्दो पैसा चढाई मादल बजाउदै घर तर्फ हिडछन् । घरमा पुगे पछि चावल दाल राखेका भाँडाबाट ३/३ अन्जुली झिकी पैसाका साथ कन्याहरुलाई दान दिन्छन् । यही बिचमा १ दिन बिहान महत्व (गाउँको मुख्य मान्छे) वा जसको जग्गा जोतेको छ वा जमिनदारको घरमा गई माघी दिवानी गरिन्छ । (खानेकुरा, तरकारी जस्तो फिर्सि लौका लिएर भेटन जाने चलन छ) । माघिमा यसरी जाँडमा अन्न खर्च गरिन्छ कि साधारण थारुको भर्खर भित्रयाएको अनाजको आधा जसो भाग सकिन्छ ।

यदि माघ महिनामा कमैयाहरु आफु कमैया बसेको जमिनदारबाट छुटेर अर्को जमीनदार कहाँ बस्न जान्छन् । भने कोही उही पुरानो जमीनदार काहाँ फेरि पनि काम गर्न बस्दछन् । यदी उनीहरु पुरानो जमीनदार छोडेर नया जमीनदार काँहा बस्न गए भने उनीहरुको पुरानो जमीनदारको ऋण नया जमीनदारले तिरेर आफु कहा बसाल्न ल्याउछ । जुन कमैंयाहरुलाई पुरानो ठाउँबाट किनरे ल्याएको जस्तो देखिन्छ । यही कारण माघ महिनामा उनीहरुको एक वर्ष सम्म काम गर्ने जमीनदार र कमैया वीच मौखिक करार हुने गर्दछ ।

### आ) दशैं

माघी पछि दोस्रो ठूलो पर्व बडा दशैंलाई मान्दछन् । प्रतिपदाको दिनदेखि कन्याहरुबाट रामायण, महाभारत, कृष्ण चरित्र आदि गाउन शुरु गरिन्छ । पंचमीका दिन विहान दहित थारुहरुले पित्तर देना भनी दाल भात आदिको ७ या ९ पुस्ता सम्मलाई पिण्ड दिन्छन् । पश्चिमी वा षष्ठीका दिनमा प्रत्येक घरमा गुधुर्याले (जेठो व्यक्ति) वा घरको सबै जिम्मेवार लिने व्यक्ति आफ्ना घर गुरुवाका घरबाट धुप ल्याई आफ्ना द्योह्रारका द्योतालाई (पूजाकोठाका देवता) चढाउछन् । भोलि पल्ट खानपान नाचगानको समारोह शुरु हुन्छ । नवमीका दिन गाउका महत्वका घरमा गै सबै थारुहरुले टीका थाप्दछन् । आउने जतिलाई महतवाले दही सेता अक्षता, मकैको जमरा लगाई दिइ जाँड मासु खान दिन्छन् ।

दिउसो खानपान सकिए पछि अपराह्न तिर आगो बाली गुरुवा र नया सिक्ने दुबै थरी स्यू स्यू (शिव शिव) भनी कराउन थाल्छन् । केही बेर सम्म आङ कमाएर सुस्वाए पछि नया गुरुवा गराउने विधि पुरा हुन्छ । तर आज भोलि धेरैजसो थारुहरुले आफ्नो पुरानो परम्परालाई छोडेर अन्य बाहुन क्षेत्रीले मनाएको जस्तो गरेर दशैं मनाउने चलन चलेको पाइन्छ । जस्तो सेता अक्षतालाई छोडेर राता अक्षता लगाएको पाइन्छ ।

**इ) देवारी वा देवाली (तिहार)**

अरु जातिहरुको जस्तो चौधरी थारुहरुको पनि तिहार एक महत्वपूर्ण चाड हो । देवारीलाई नेपाली भाषामा तिहार भनिन्छ । तर यसै चाडलाई थारुहरुले देवारी भन्दछन् । यस पर्वलाई मनाउने आ-आफ्नो तरिका हुन्छ । यही देवारीलाई थारुहरुले थर अनुसार मानउने गर्दछन् । यो बिशेष गरी दहित थारुहरुको महत्वपूर्ण चाड हो । थारुहरुले तिहार, औसीदेखि नै शुरु गर्दछन् । औसीको पहिलो दिन पूजा गर्नको लागि दुई जनाले सरसफाई गर्दछन् । त्यसैदिन ढिकिया पनि सफाई गरिन्छ । दोस्रो दिन औंसी हुन्छ, औंसीको दिन सफा गरेको चोखो ढकियामा ढिक्रि पकाउने गर्छन् । त्यसै दिन आगनमा बाँसको लिङ्गो गाडी तोरण, फुल, पिपलको पात, आँपको पात राखेर बनाएको बन्कसको डोरी फैलाएर बाँधेको हुन्छ । त्यसै दिन गाईलाई नुन खुवाउदछन् । त्यही दिन आफ्ना मान्यजन र आफन्तहरुलाई निमन्त्रणा गर्दछन् । तिहारको मुख्य खाना ढिक्री हो । जब सम्म पूजा गरिदैन ढिक्रि चोखो राख्नु पर्दछ । साझ पूजारीले पूजा गरी सके पछि आफ्नो हातले ४/६ जना बच्चालाई भूईमा ढिक्रि गोली जस्तै गुडाएर दिने गर्दछन् । ढिक्रि चार प्रकारको हुन्छ । जस्तो गोलो, लामो, त्रिभुज र अलि चोप्टो आकारको बनाएको हुन्छ । ढिक्रि औसीको दिन गाईलाई पानी दिने गरिन्छ । त्यस दिन गाडेको बाँसको लिङ्गोमा तिनबोटा डोरी बाँधेको हुन्छ । जुन बाटोको एक छेउबाट घरसम्म पुऱ्याएको हुन्छ । जसलाई घरको तीन छेउमा बाधिएको हुन्छ । भित्रको देवता भित्रनै हुन्छ । बाहिर पनि सानो घर बनाएर त्यसमा देवता राखिएको हुन्छ । घर भित्रको देवतालाई द्यौह्वार भनिन्छ भने घर वाहिरकहो देवतलाई मरवा भनिन्छ । ढोका ढोकामा डोरी बाँधिएको हुन्छ । ढोकाको कुना कुनामा लामो खालको ढिक्रि पातमा चावलको पिठो एकै साथ ढिक्रिसंगै राखेर दलिनमा कोच्नु पर्दछ (राख्नु पर्दछ) त्यस पछाडि स-परिवार एकै कोठामा बसेर भोजन (जाँड, रक्सि, मासु)

गर्दछन् । तर अवका थारुहरुले आफ्नो परम्परालाई  छोडेर बाहुन क्षेत्रीको चलन सिको गरेको पाइन्छ ।

**ई) होली**

थारु जातिहरुले पनि होली पर्व धुमधामका साथ मनाउने गर्दछन् । यो चाड फागुन पूर्णिमा देखि मनाउने गर्दछन् । यो चाड शुरु भएपछि उनीहरु आफ्नो र अर्कोको काम धन्दाहरु गर्दैनन् । पुरुष र महिला जाँड पिएर रंग अविर छ्यापी होली खेल्छन् । उनीहरु नाच्ने गाउने पनि गर्दछन् । फागुनको बेला जुन सुकै व्यक्तिसंग पनि वीच बाटोमा फगुवा खर्च भनी माग्ने  गर्दछन् । उनीहरुमा ख्याल ठट्टा गर्ने चलन पनी हुन्छ ।

**४.३.१० देविदेवताहरु**

**क) कुलदेवता**

थारु समाजमा कुलदेवताको पूजाले विशेष महत्व राख्दछन् । जितिया, सुकराती,सिरुवा, माघी, दशै आदी चाडमा मात्र नभएर विवाह जस्ता शुभकार्यमा यिनीहरुले घरै पिच्छै अलग अलग कुलापन राखेको पाइन्छ । कुल देवतालाई परेवा, वोका, कुखुरा, पाठीहरुको वली दिने चलन छ । थारुहरुके कुल देवताको कुनै मूर्ति नभएपनि घोडा, हात्ति आदिको मूर्ति बनाएर इष्ट देवता मानि पुजा गर्छन ।

**ख) भुतवा देवता**

हुनत भुतलाई देवता नमानिने भए पनि यिनीहरुले भुत देखी तर्सिएर भुतलाइ देवताको रुपमा हरेक शुभ कार्यको अगाडी विध्व वाधा नपरोस भनेर ठूलो रुख वा डर लाग्दो खाल्डो, ओडार जस्तो ठाउँमा ध्वजा आदि राखि पुजा गर्छन ।

**ग) गाऊँ देवता**

गाऊँ देवतालागि परापूर्वकालका सिद्ध पुरुषको प्रतिविम्ब मानिन्छ । प्राय गाऊँमा एउटा ग्राम देवताको मूर्ति रहेको पाइन्छ । यिनले दैवि प्रकोपबाट बचाउनछन भन्ने मान्यता राखिन्छ ।

### ४.३.११ परिवारको सामाजिक संगठन

थारु समुदाय सामाजिक र आर्थिक रुपले गर्दा खेरी सयुक्त परिवारमा नै वसेको पाइन्छ । एउटै परिवारमा कहि कहि त ४०-५० जाना जती पनि वसेको पाइनछ । तर आजकाल समय परिवर्तन संगै थारु समुदायहरुको पारिवारिक संरचनामा पनि परिवर्तन आएको छ । बढदो जनचेतना र अरु कारणले गर्दा थारुहरुको पारिवारिक संरचनामा परिवर्तन आएको छ ।

### ४.३.१२ जीवन चक्र पद्धति

#### क) जन्म संस्कार

थारु जातिमा आफ्नै प्रकारको जन्म संस्कार रहेको पाइन्छ । बच्चा जन्मे पछी नाल नखसुन्जेल सुत्केरी नछुने चलन छ, बच्चा जन्मेको ७-९ दिनमा पहिला बच्चालाई सुत्केरी चोख्याउने गर्दछन् । तर अहिले पाहाडीयाहरुको चलन अनुसार ११ दिनमा नै सुत्केरी चोख्याउने गर्दछन् । घरमा शुद्धपारी ल्याएको गाईको गोबरले लिपोतगरिन्छ । अनि उक्त ठाउँमा या घरमा गाईको गँहुत छर्कि शुद्ध पारिन्छ ।

बच्चाको नाम राख्ने कुनै निश्चित समय र नियम हुदैन । कोही कोही पुरोहित काँहा गएर नाम राख्छन् कोही कोही बच्चासँग सम्बन्धित घटनाबाट नाम राख्छन् । जस्तै होलीको दिनमा जन्मेको होली, बुवा परदेश गएको बेला जन्मे परदेशी, ठग्गी, धान काटने बेलाकोलाई धनुवा, कालु, फकल्पुरियाँ जस्ता नाम राख्छन् ।

#### ख) मुण्डन संस्कार

थारुजातिमा पनि बच्चाहरुको मुण्डन हुन्छ । मुण्डन कार्यक्रम थारुहरमा फाल्गुन शुक्ल पक्षमा हुन्छ । यस कार्यक्रममा फाल्गुनमा सक्दो जति मानिसहरुलाई बोलाएर विहानैसंग घरको आँगन लिपपोत गरि मादल बजाउदै बालकलाई आगनमा लिपपोत गरेको ठाउँमा बसाउँछन् । अनि बालकको मामाले कपाल मुण्डन गर्छ । कपाल मुण्ड गर्दा मामाले सुन या चाँदीको छुरा मानीनेले बालकको पुरा कपाल काटदछन् । कपाल काटी सके पछी बालकलाई नुहाई धुवाई गरि नयाँ कपडा पगरी गहना लगाउन दिन्छन् । इष्टमित्रले बालक लाई सक्दो दक्षिण दिन्छन् । अनी भोज भतेर गरी दिन भरी मनोरञ्जन गर्दछन् ।

**ग) रजस्वला**

थारु महिला मा रजस्वला वार्ने चलन नभए पनि रजस्वला भएका महीलाले देवताको थानलाई छुदैनन् ।

**घ) बिबाह संस्कार**

बिवाह फागुनको शुल्क पक्षमा उत्तम मानिन्छ । अवैध सर्म्पक या जारी गरी ल्याएकीलाई पर्छदा (भित्र्याउदा) राम्रो शुभ बार भए पुग्दछ । विवाह, समान थर, मामा, फुपू, सानी ठूली आमाका छोरी बाहेक अन्य सबैसंग हुन्छ । केटी यूवती भएपछि केटाको १०/११ वर्ष या यो भन्दा सानोमा गर्न सक्नु परिवारको प्रतिष्ठाको विषय हुन्छ । यस कारण प्राय केटा भन्दा केटी बढि उमेरका हुन्छन् । जस्तो की केटा भन्दा केटी पाँच वर्ष जेठी हुने गर्दथे । किनकी दुलही घरमा काम गर्न ल्याईन्छ त्यसै बसाएर खुवाउन होइन भन्ने थारुहरु भन्ने गर्थे । दुलाहा भन्दा दुलही सानो ल्याएर के फाइदा भन्ने गर्थे । केटाको उमेर बढदै गएपछि केटीको उमेर ढल्कन्थ्यो । यसबाट दुलहा दुलहीको दाम्पत्य जीवन खल्लो हुन्थ्यो । केटो आफु उमेरदार भएपछि आफ्नी श्रीमतीलाई हेला गर्ने गर्दथे । आफुहरु अन्य गाँउका युवती तिर आर्कषित हुन्थे ।

धेरै जसो अभिभावकबाटै विवाह निश्चित गर्ने चलन छ । जुन घरमा छोरी दिने हो त्यही घरबाट बुहारी ल्याएर विवाह गर्नु उत्तम सम्झन्छन् । साटो अनुकुल नएभमा झाङ्गा भनी केटीको मोल लिनु दिनु गर्दछन् । सो झाडाको रकम अरु चिजको भाउ बढेझै बढदैछ । पहिला साटोको ६० रुपैंया थियो अहिले आएर सबै दिनु पर्ने कुरा मिलाउदा रु.६००० देखि रु.१२०००० सम्म लिनु दिनु गरेको पाइन्छ ।

उत्तम मानिने साटो विवाहमा दिएकी एक तर्फकी केटी अन्यत्र पोइल गई या लोग्नेलाई मन नपराएमा लोग्नेको घरमा बसिन भने दुबै घरमा ठूलो कचिङ्गल मचिन्छ । बुहारीले छोरालाई छाडेमा छोरीलाई पनि ज्वाइ छोड्न लगाउन त साधारण कुरा हो । सन्तान भएकी छोरीलाई पनि बालक सन्तान र पौय (लोग्ने) छाड्न लगाउँछन् । माईतीको आज्ञा मानी केटीले आफ्ना सन्तान लोग्ने छाड्न पनि गाह्रो मान्दैनन् । त्यो केटीलाई माईतीले फेरि अन्यत्र लगाई या विवाह गरी झाडा अशुल गर्दछन् ।

साँटो वा झाङाको कुरा मिलेपछि विवाहको थालनी देउली फोरेर (वर्या वाडा बनाउनलाई भिजाई राखेको मास पिसेर) गरिन्छ। सो देउलिको वाडा बनाई बेलुका पख घरका गरधुर्या (घरको जेठो व्यक्ति) ले रक्सी साथ भूयाँर थान (गाऊमा सिमलको रुख मुनि राखेका देवता) र द्योह्वारको (घरको पूजार कोठाका) देवतलाई चढाउछन्।

अर्का दिन मध्यान्ह पछि जामा, पगरी, कानमा मुन्द्री लगाएर सिंगारिएको दुलाहा पहिले द्यौह्वारमा गएर मद ढल्काउछ (रक्सी चढाउदछ) ल्हेनर्वा भनिने मानिस दुलहीलाई दिने लुगा गहना बोकी अगाडी लागेपछि बर्छा काधमा राखेर दुलहा पछि लाग्छन्। अनी एउटै लोगने भएकी, पतिव्रता, सधवा, भोजिन्यार दुलाहाका अभिभावक मध्ये कुनै एक भोजवा पनि पछाडी लाग्छ। त्यसपछि मजिरा, झ्याली, बासुरी, मुर्चङ्गा, ढोल, मादल आदी बजाउदै "जैस भल नमल रे कारी चिमटिया तेस भल नमल मोर सजला वरियात, आजुका दिखन रे जाईती धनी र विहाय कालिक दिनबा घुमि फिरि अैवी" आदि गित गाउँदै जन्ती हिडछन्। जसको अर्थ हो - (जसरी लस्कर भएर जानन्छन् काला कमिला त्यसै गरी लम्बिन्छन् मेरा सबै जन्ती आजका दिन जान्छौ, खेल हाँस गर्नु, भोलिका दिन फेरि घुमी आउला) जन्ती जाने बाटोमा थारुको कुनै गाउँ पर्‍यो भने त्यस गाउँको थारुले जन्तीलाई केही वेर रोकी पर्छयौकी भनी जाड आदिले स्वागत गर्नु आफ्नो पवित्र कर्तव्य र इज्जत सम्झिन्छन्।

दुलहीका घरमा पुगे पछि ल्हेनर्वा, भोजिया, भोज्वा र दुलाहाका गोडा दुलहीका अभिभावकले र जन्तीका गोडा दुलहीका संगिनिले धुन्छन्। अनी दुलाहालाई द्योह्वारमा लगी वेदीनेर वर्छा गाड्न लगाई मद ढल्काउन पठाउँछन्। दुलहालाई बह्नीमा (बैठक) बसाई ऊ समेतका जन्तीलाई जाँड मासु आदि खुवाई प्याई सके पछि दुलहीका गोही (साथी) हरुले ज्यादै तिखा छेडछाड र गाली गर्छन्। नाच्नेलाई र दुलहीका घरका केटाकेटीहरुलाई दुलाहाले सक्दो पैसा दिन्छ। दुलाहाको घरबाट लगेको जाड भिकि दुलही पट्टिका पनहर्नी ( पानी बोक्ने आदि केटीहरुले) दुलाहालाई खुवाउदछन्। सो खुवाउदा पनि निकै रमाइलो गर्दछन् । अनि नाच्न मन पराउने नाच गानमा लाग्छन्। अरु सुत्दछन्।

भोलि पल्ट विवाहको भात खाइसेपछि अपराह्न्न तिर दुलाहालाई द्यौहारमा लगि मन ढल्काउन लगाईन्छ। अघिल्लो दिन गाढेको बर्छा उखेली काँधमा राखेर दुलाहा

बाहिर निस्कन्छ । बाहिर  दुलहीका निम्ति तयार पारिएको सेतो कपडाले बेह्रेको डोलीलाई हातले छुँदै  प्रदक्षिणा  गरेर दुलाहा सहितका सबै जन्ती दुलहाका घर तिर फर्कन्छन् ।

साँझमा (बेलुकी पख) तारा लागेपछि  दुलहीका तर्फकाले सो डोलीमा दुलहीलाई बोकी दुलहाका घरमा  पुऱ्याउँदछन् ।  दुलही आई पुग्दा  सम्म दुलहा आफ्नो घरको पूर्व तर्फको आगमनमा दुलहीलाई  पर्खि बसि रहेको हुन्छ । दुलहीलाई ल्याई  पुऱ्याए पछि उसको स्वागतर्था दुलाहा उठछ्न । बर बधूलाई  साथै खडा गराई लावा, विनैला, सर्स्यु, बेसार भोजिनयाले उनका माथि छिट्दछन् र दुवैका टाउका जुधाई दिन्छन् ।  त्यसपछि पुरानो  खर या बावियोमा (वन्सक) आगो सल्काई पुरानो हाडीमा  सो आगो राखेर  त्यसमा विनंला,  सर्स्यु, छिटी घरका पूर्व तर्फको ढोकाका संगारमा  सो हाडी  घोप्टाउछे । वर बुधले सो हाडीलाई  गोडाले कुल्चेर फोरदै पश्चिमाभिमुख भित्र पस्छन् द्योह्वारमा  लागि एउटै गुन्द्रीमा (सुकुल) बसाएर भोजिन्याले यो उपर सर्स्यू आदि छिदै फेरि टाउका जुधाउछे । अनि दुलहीले दुलाहाका गोडामा तेल लगाएर ढोग्छे । त्यसपछि सबै मान्यजनका हातमा हात राखेर  दुलहीलाई ढोग्न लगाईन्छ ।

दुलहीका घरमा आइपुगेपछि गरिने यो कामलाई थारुहरु परछना भन्दछन्। यो नै विवाहाको मुख्य विधि हो ।  यो पर्छिने काम सकिए  पछि दाउरा,  जाँड,  लिई  दुलाहा, बधुलाई  बोकी ल्याउने मानिसको स्वागत गर्न उनीहरु बसेका ठाउँमा  जान्छ र उनको गोडा धुन्छन् । केही बरे पछि फर्केर दुलही भएका ठाउँमा   आएर ल्हेनर्वा, भोज्वा, भोजियान्या र वर बधूले घरलाई  बाँया प्रदिक्षिण  (घुम्न) गरी  गरी द्योह्वारमा जान्छन् । त्यहाँ दुलाहाले बर्छा गाडी मद ढल्काउँछ । बचेको मद आफुले पिई जुठो  दुलहीलाई पिउन दिन्छ  र उसले पिउँछे ।

अर्को दिन (भोलित पल्ट) भात खाएर पछि उनै माईती तर्फकाले बोकेको  डोली चढी दुलही माईती जान्छे र बर्ष दिन पछि आफुले बनाएका सिप सामानि, ढकी, बिडा, पिटकी  आदि पहुरा (कोसेली) लिई धेरै पठलर्नी  (पठाउन आउने संगिनी सवा साथी ) का साथ पतिका घर आउछे । विवाह भएपछि सासु ससुरा बाँचुन्जेल प्रत्येक दशैमा दमड्वा ( ज्वाई) ससुरालाई  मान्न खटिया, दाउरा, रक्सी, भाले (कखुरा) आदि लिई जानु पर्छ ।

अबैध सम्पर्क वा उद्घाएर (फकाएर) ल्याएकीलाई पनि जे जसरी पर्छिने काम गरिन्छ त्यसरी भित्र्याउछन् । जारी गरेर ल्याएकीलाई भित्राउनु भन्दा पहिले केटाको घरको पूर्व तर्फको आगनमा टुप्पो काटेको केराको थाम गाडछ्न र त्यसलाई टोपी लगाई दिन्छन् । केटाले सो थामलाई (वोटलाई) देखाउदै केटी संग यो के हो ? भनी सोध्दछ । केटीले "तोहार जार हो" (तिम्रो जार हो ) भनी चिन्हाएर पछि केटाले केटी संग काटु भनी अनुमती माग्दछ । केटीले काटो (काट) भनी आज्ञा दिन्छ । यसरी तीन पटक सोध्दा खेरी काट.ने अनुमती पाएपछि केटाले एक चोटमा खुकुरीले सो केराको बोट काट्छ अनी माथि लेखिए अनुसार गरी भित्र्याउँछन् ।

भूँड पस्न (भ्वाँर पस्ने) आउने केटालाई केटीका र विधवा स्त्रीलाई लुगा गहना पहिर्याई स्त्रीलाई पुरुष र पुरुषलाई स्त्री मानी भित्र्याउने विधि गर्दछन् । दाजु मरे पछि विधवा भाउजुलाई देवर सित पर्छिदा दुवैले माने सम्म आसोच सकिएकै साझमा पर्छिन्छन्, राम्रो मान्छन् ।

थारुको बिवाह अति खर्चिलो हुन्छ । झाडा, लुगा, गहना आदि दिनु त छँदैछ, ३/४ दिन अगाडी देखि ३/४ दिन पछाडि सम्म ४/५ जना आइमाईको पकाउने, जाँड छान्ने ( बनाउने) खुवाउने मात्र काम हुन्छ । अरुको विवाहमा निमन्त्रित मात्र जान्छन् तर थारुको विवाहमा जानलाई निम्तो चाहिदैन । इच्छा हुने मानसि गएर जाँड पिए (जाँड पिन आए) भने पुग्छ । उसले पनि मासु खान पाउछ । त्यस्तै गरी ज्यादा खर्चले गर्दा विवाह सकिएपछि कस्तै सम्पन्न परिवारलाई पनि त्यो विवाह गरेको सालमा अन्नको खाँचो भै जान्छ ।

**ङ. मृत्य संस्कार**

मानिस मर्न लागे पनि मुखमा हिरन (सुन पानी) राखिदिन्छन् । मरे पनि चिस्यी, कोल्कतया जस्तै पवित्र मानिने थारुले सबै अन्नको विउ, खाने चावल, दाल, मुर्दाका लागि लुगा बोकेका अगाडि लागे पछि उभिन्डो (उल्टो) खटियामा मुर्दालाई बोकेर लान्छन् । घरका आइमाईले मुर्दालाई सुताएको ठाउँमा गाईको गोवरले लिपि त्यहाँ पिठो छर्केर त्यस माथि बत्ती बाली सो वत्तीलाई छिटुवा, डोको आदि कुनै चिजले छोप्छन् । गाउँका सबै

आइमाई मरेको घरमा एकत्रित भै सो घर लिपि त्यहाँका सबै भाँडा माझी एक साथ नुहाउन नदीमा जान्छन् ।

मलामीहरुले मुर्दाका साथ लगेका खाने सामान, लुगा आदि मुर्दाका सिरान तर्फ राखी उत्तर तिर शिर पारी पुरुलाई घोप्टो र स्त्रीलाई उत्तानो पारी गाडदछन् । त्यसपछि नुहाई टोपी उतारेर घरमा फकिन्छन् ।

मलामी आईपुगेपछि अगाडी बत्ति वाली छोपेको ठाउँमा वत्ति छोपेको चिज झिक्दछन् । अनी १/२ जना आइमाईले गहिरिएर सो पिठो छर्केको ठाउँलाई हेरी यो जनावरलाई पाईला यो जुनि पायो भन्छन् । मलामीको लागि अलिनो (नुन नराखेको) दाल भात पकाएको हुन्छ । मृतात्माका निम्ति भनी सबैले १/१ गास पन्छाएर सो दालभात खान्छन् ।

त्यसपछि सोमबार वा विहिवारका दिन जेठो छोरा भए त्यो नभए कुनै एक छोरा या अरुले नदिको नजिक गएर कपाल फाली नुहाएर सेता कपडा पहिरी खराउ (काठको चप्पल) लगाई घरमा आउँछन् । घरमा लिपेको माथिबाट कुनै चिज नखस्ने गरी जाल आदिले ढाकेको कोठामा कसैसंग नछोईने गरी बस्छन् । बेलुकी पख सो क्रिया गर्नेले आफूले पकाएको भात खाने गर्दछन् अनी भात खानु भन्दा अगाडि पानी लिई अलि पर आगनमा गै बत्ती वाली सो भात त्यही वत्ती नेर वलिदिई (चढाई) फर्केर आफू बसेको कोठामा आई दिनको एक छाक अलिनो खान्छन् । क्रिया बसकेको कोठाबाट बाहिर निस्कुन परेमा खन्ती जोडेको लट्ठी, छुरी पौवा (खैरो काठको चप्पल) गोडामा लगाई निस्कन्छन् । ७ या ९ दिनमा सुख शान्ति मानिन्छ । शुद्ध गर्ने दिन घरका सबै उमेर पुगेकाले नुहाएर सुनपानी या गौत चाट्दछन् । क्रिया बस्नेले दालभात र सुङ्गुरको मासुको पिण्ड मृतात्मा समेत ९ पुस्तालाई दिई सपिण्डी गर्छ । पिढी (पुस्ता) सकिने मानिसको सपिण्डी गरे पछि सो दिन सम्ममा काममा ल्याइएका माटाका सबै भाडाँ फ्याक्दछन् । यसरी शुद्ध कार्य गरेपछि पनि घरमा धेरै मानिस भई रहने या गाई गोरु आदि मर्ने जस्ता बिध्न बाधा परिरहेर तिनको कारण गुरुवाले पछिल्लो शुद्ध कार्य विधिपूर्वक नभएको भनी उपयुक्त शुद्ध कार्य दोस्रो वा तेस्रो पटक पनि गर्दछन् ।

### ४.३.१३ स्वास्थ्य सेवा

यस गा.स. वि.मा एउटा स्वास्थ्य चौकी छ । १५० शैयाको एउटा आँखा अस्पताल छ जुन सुदरपश्चिमञ्चल र भारतको उत्तर प्रदेश र उत्तराखण्डक सम्म एकदमै प्रख्यात छ ।

### ४.३.१४ सञ्चार

यस गा.वि.स. मा टेलीफोन सेवा पनि उपलब्ध छ तर टेलीफोन तार वाराम्वार चोरी हुने कारणले उक्त टेलीफोन लाइन प्राय बन्द नै रहन्छ वेस भन्ने संस्थाले यस क्षेत्रक थारु समुदायमा चेतना जगाउने उद्देश्यले अत्तरिया वजारमा एउटा घोडाघोडी F.M. पनि यसै गा.वि.स.मा रहेको छ ।

### ४.३.१७ जनावार

यस गाउका थारुहरुले प्राय बंगुर पाल्दछन् । बंगुरका अलवा प्राय सबै घरमा कुखुरा पनि हुन्छन् । कोही कोही ले भेडा, बाखा पनि पाल्ने गर्दछन् ।

# अध्याय पाँच

## ५.१ मुक्त कमैयाहरुको सामाजिक अवस्था

### ५.१.१ मुक्त कमैयाहरुको पूर्ख्याली थलोको स्थिती

छनौटमा परका मुक्त कमैयाहरुसंग उनीहरुको पुख्यौली थलोको सम्बन्धमा प्रापत भएको विवरण निम्न उल्लेखित तालिकामा देखाइएको छ ।

**तालिका ६**

**पुख्यौली थलो सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दाङ्ग | ३० | ६० |
| २ | बर्दिया | ३ | ६ |
| ३ | कैलाली | ५ | १० |
| ४ | बाके | ६ | १२ |
| ५ | कञ्चनपुर | ३ | ४ |
| ६ | थाहा छैन | ४ | ८ |
| | जम्मा | ५० | १०० |

तथ्यांक स्रोत :- स्थलगल अध्ययन २०६५

उपरोक्त तालिका नं. ६ बाट के थाहा पाउन सकिन्छ भने छनौटमा परेका मुक्त कमैयाहरु मध्ये सबै भन्दा धेरै अर्थात ६०% मुक्त कमैयाहरुको पुख्यौली थलो दाङ्ग देखियो बाँकेका १२% बर्दियाका ६% भने कञ्चनपुरमा पुख्यौली थलो भउका ४% भेटिए । कैलालीमा पुख्यौलि थलोको बारेमा जानकारी नभएकमा ८% भेटिए ।

कैलाली जिल्लामा रहेका मुक्त कमैया शिविरहरु मध्ये गेटा गा.वि.स. मा रहेका उत्तरदाता मुक्त कमैयाहरुको सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरुको उमेर सम्बन्धि विवरण, उनीहरुको बैवाहिक स्थिति, उनीहरुको शैक्षिक स्थिति, उनीहरुको परिवार

संख्या, उनीहरुको जन्मस्थान, उनीहरुले कमैयाको शैक्षिक स्थिति, उनीहरुको परिवार संख्या, उनीहरुको जन्मस्थान, उनीहरुको धर्म, चाडपर्व आदि इत्यादीलाई लिइएको छ । यिनै आधारहरुमा मुक्त कमैयाहरुको सामाजिक अवस्थाको बारेमा जानकारी गर्ने प्रयास गरिएको छ ।

### ५.१.२ उमेर

गेटा गा.वि.स. शिविरमा रहेका मुक्त कमैयाहरुको अध्ययन गर्दा खेरी उत्तरदाता मुक्त कमैयाहरुसँग जानकारी लिई प्राप्त भएको तथ्याङ्कलाई तलको तालिममा देखाइएको छ ।

**तालिका ७**

**मुक्त कमैया शिवीरमा बसोबास गर्नेहरुको उमेर सम्बन्धि तालिका**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०-२० | ३ | ६ |
| २ | २१-३० | १५ | ३० |
| ३ | ३१-४० | १५ | ३० |
| ४ | ४१-५० | १२ | २४ |
| ५ | ५१-६० | ५ | १० |
| ६ | ६१ - भन्दा माथि | ० | ० |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. ७ को आधारमा स्पष्ट हुन्छ की छनौटमा परेका उत्तर दाताहरु मध्ये सबै भन्दा धेरै युवाहरु २१-४० वर्ष सम्मका ६०% रहेको पाइयो भने सबै भन्दा कम १०-२० वर्षसम्मका ६% रहेको पाइयो । ४१-५० वर्ष सम्मका २४% र ५१ देखि ६० वर्षसम्मका वृद्धहरु १०% रहेको पाइयो । यसबाट मुक्त कमैया शिविरमा २० देखि ४० वर्षसम्मामाको ज्यादा बाहुल्याता देखियो । मुक्त कमैया शिविरमा वृद्धा वालवच्चा भन्दा पनि युवाहरु ज्यादा रहेछन् ।

### ५.१.३ थर

शिविरमा रहेका मुक्त कमैयाहरुको थरलाई अध्ययन गर्दा जानकारी हन आएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८**

**मुक्त कमैयाहरुको थर सम्बन्धि विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राना | ४ | ८ |
| २ | चौधरी | ४६ | ९२ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. ८ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये चौधरी थारु व्यक्ति सबैभन्दा धेरै ९२% रहेका छन् भने राना थारु ८% रहेको पाइयो । यस अध्ययनबाट अधिकांश मुक्त कमैयाहरु चौधरी नै रहेको पाईयो । अर्को कुरा राना र चौधरी मध्येबाट कुन ठूलो भन्ने कुराको जानकारी लिदा प्राय सबै जसो ले चौधरी नै ठूलो भएको बताए राना र चैधरीहरुमा विवाह नचल्ने रहेछ ।

### ५.१.४ परिवार संख्या

शिविरमा बसेका उत्तरदाता मुक्त कमैयाहरुको परिवारको संख्यालाई अध्ययन गरि प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ९**

**मुक्त कमैयाहरुको पारिवारिक संख्या सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-५ | ४३ | ८६ |
| २ | ६-१० | ७ | १४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. ९ को आधारमा सपष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तर दाताहरु मध्ये परिवारमा रहेको सदस्य संख्याको आधारमा १-५ सम्म एउटै परिवारमा बस्नेको संख्या धेरै अर्थात ८६% र एउटै परिवारमा ६-१० जना सम्म वस्नेको संख्या कम अर्थात १४% रहेको पाइयो । यसबाट के स्पष्ट हुछ कि अध्ययन क्षेत्रका मुक्त कमैयाहरु एउटै घरमा १-५ जना सम्ममा अधिक वस्ने पाईयो ।

### ५.१.५ परिवार

मुक्त कमैयाहरुको परिवारको संरचनालाई अध्ययन गर्न उत्तर दाता मुक्त कमैयाहरुसंग जानकारी लिदा परिवारको संरचनाका बारेमा आएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १०**

**परिवार सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ३९ | ७८ |
| २ | संयुक्त | ११ | २२ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका १० को आधारमा सपष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तर दाताहरु मध्ये सवैभन्दा धेरै अर्थात ७८% एकल परिवारमा बसोबास गर्ने रहेछन् भने २२% संयुक्त परिवारमा बसोबास गर्ने पाइयो । यसबाट एकल परिवारको बाहुल्यता धेरै भएको पाइयो । अर्को कुरा जग्गा पाउने आशाले पनि मानिस एकल परिवारमा रहेका पाईयो । एकल रुपमा बस्दाखेरी पाउने सरकारी सुविधा र अन्य संघ संस्थाले पाउने सुविधा एउटै परिवारका ले अलग अलग गरी बसेपनि ज्यादा पाउने हुनाले अलग अलग गरि बसेको पाइयो ।

### ५.१.६ पारिवारिक निर्णय

उत्तरदाता मुक्त कमैयाहरुसंग तपाईको पारिवारिक निर्णयमा कसको हात ज्यादा छ भने कुराको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११**

**मुक्त कमैयाको पारिवारिक निर्णय सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोराछोरी | ० | ० |
| २ | बुवा | ४३ | ८६ |
| ३ | नातेदार | ० | ० |
| ४ | अन्य | ७ | १४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका ११ बाट के स्पष्ट हुन्छ भने छनौट परका मुक्त कमैयाहरु मध्ये परिवारमा आमा बाबुको निर्णय हुन्छ भन्नेमा सबै भन्दा धेरै ८६% र अन्य परिवारका सदस्यको निर्णय हुन्छ भन्नेमा १४% देखिए भने छोराछोरी र नातेदारको निर्णय ०% रहेको पाइयो । घरको आर्थिक मामला या घरायसी काम का लागि चाही वुवा आमाको निर्ण मान्ने तर घरबाट बाहीर वा अन्य कामका लागि बाहिर मान्छेको निर्णय दिने गरेको पाइयो ।

### ५.१.७ वैवाहिक स्थिती

विवाहको अवस्थाका आधारमा छनौटमा परेका उत्तरदाता मुक्त कमैयाहरुको प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२**

**मुक्त कमैया घरमुलीको वैवाहिक स्थिती सम्बन्धी विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ४६ | ९२ |
| २ | अविवाहित | ३ | ६ |
| ३ | विधुवा | १ | २ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका १२ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेको व्यक्तिहरु मध्ये विवाह गरेका व्यक्तिको संख्या सवै भन्दा धेरै ९२% यस्तै गरि अवविहितको संख्या ६% र २% विधवा रहेको पाइयो विवाह सम्बन्धमा यिनीहरुको देवर भाउजुसंग विवाह चल्छ बाँकी हाड नाता भित्र विवाह चलने रहेनछ देवर भाउजुमा पनि दुबैको मत्तजुरी भएपछि मात्र विवाह हुने र देवरले विवाह पहिलानै गरेको भए सौता राख्न पाउने रहेनछ। पौयल गएपछी यिनीहरु भेला भइ भलामान्छेले तोके अनुसार सहमतीमा जारी लिने गर्छन ।

### ५.१.८ वैवाहिक निर्णय

अहिलेको बढद्लिदो समाजमा उत्तरदाता मुक्त कमैयाहरुमा वैवाहिक निर्णयको अवस्थामा के कस्तो परिर्वतन वा के कस्तो चलन रहेको छ भन्ने कुराको अध्ययन गरी प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १३**

**मुक्त कमैयाहरुको वैवाहिक निर्णय सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आमा बुवाले मागेर | ३२ | ६४ |
| २ | भागेर | ९ | १८ |
| ३ | नातेदार निर्णय | ९ | १८ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका १३ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये आमाबावुले मागेर विवाह गर्ने सबै भन्दा धेरै ६४%, मागेर र नातेदारबाट विवाहको निर्णय गर्ने बरावर अर्थात १८%, १८% को तथ्य प्राप्त भयो । यसबाट के स्पष्ट हुन्छ कि अध्ययन क्षेत्रका मुक्त कमैयाहरु मध्ये अधिकांशका वैवाहिक निर्णय आमा बाबुले गर्ने रहेछन् भन्ने कुरा बुझिन्छ ।

**५.१.९ शिक्षा**

शिक्षा विना समाज र आफ्नो परिवर्तन हुन् सक्दैन आजको यस युगमा मानिसको तेश्रो आँखा भनेको शिक्षा नै हो । शिक्षाको बारेमा उत्तरदाता मुक्त कमैयाहरुको स्थिती अध्ययन गरी प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४**

**मुक्त कमैयाहरुमा घरमुलीहरुको शिक्षाको अवस्था सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पठन लेख्न नजान्ने | ३१ | ६२ |
| २ | प्राथमिक शिक्षा | १६ | ३२ |
| ३ | निम्न माध्यमिक शिक्षा | ३ | ६ |
| ४ | माध्यमिक र माथि | ० | ० |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. १४ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेको उत्तरदाताहरु मध्ये पठन लेख्न नजान्ने व्यक्तिहरु सबै भन्दा धेरै ६२% प्राथमिक शिक्षा

सम्म पढेका ३२% र सबैभन्दा कम प्राथमिक भन्दा माथि निम्न मा.वि. सम्म पढेका ६% देखियो । विगतमा जमिन्दारको घरमा बस्दा खेरी कोही कोहीले आफ्नो छोराछारीलाई स्कूल पठाउने गरेको पाइयो भने कसै कसैले अहीले पनि स्कूल पठाउने गरेको देखियो तर प्राय जसो कमैया हुदाँ २४सै घण्टा पढ्न लेख्न नपाएको बताए ।

### ५.१.१० बालबालिकाको शैक्षिक अवस्था

शिक्षाको ज्योती घरघरमा पुगेको वेला उत्तरदाता मुक्त कमैयाहरुको छाप्रोमा शिक्षाको ज्योती पुगेको रहेछ कि रहेनछ भन्ने कुरालाई अध्ययन गरी जानकारी हुन आएको प्राप्त तथ्याङ्कलाई  तलको तालिकामा देखाइएको छ ।

**तालिका १५**

**मुक्त कमैयाहरुका बालबालिका शैक्षिक अवस्था सम्बन्धि विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्कुल पढने | २१ | ४२ |
| २ | स्कुल नजाने | २९ | ५८ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. १५ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि  छनौटमा परेका उत्तरदाताहरुका स्कुल नजाने छोरा छोरीको संख्या ५८% र स्कुल जानेछोराछोरीको संख्या ४२% देखियो । यसबाट के स्पष्ट हुन आउँछ भने अझै पनि मुक्त कमैयाहरुका छोराछोरीहरु जुन सरकारले निःशुलक पढन पाउने गरी व्यवस्था मिलाएका छन् । त्यसबाट बञ्चित भईराखेका छन् । धेरै बालबालिकाको भविष्य अन्धाकार तर्फ धकेलिरहेको छ । प्राय जुन घरको मुलीले अलि राम्रो काम वा ज्याला र अन्य सहयोग पाएको छ उसले छोराछोरी स्कूल पठाउने गरेको पाइयो तर सामान्य कापी कलम पनि नकिन्न सक्ने र छोरीहरुको बाहुल्यता ज्यादा भएकाले वालवालिकालाई स्कूल नपठाउने गरेको पाइयो ।

### ५.१.११ भेदभाव

मुक्त कमैया उत्तरदातासँग सोधिएको छोरा छोरी मध्ये कसलाई वढी राम्रो मान्नु हुन्छ (प्राथमिकता) भन्ने कुराको अध्ययन गर्दा जानकारी हुन आएको प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १६**

**मुक्त कमैयाहरुले छोरीछोरा माथि राख्ने भेदवभाव सम्बन्धि विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरा राम्रो लाग्छ | ९ | १८ |
| २ | छोरी राम्रो | ० | ० |
| ३ | दुबै बराबर | ४१ | ८२ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. १६ बाट स्पष्ट हुन्छ कि अध्ययनमा परेको सबै भन्दा बढी उत्तरदाताहरुले छोराछोरी दुवै वरावर हुन भन्ने कुरा ८२% र छोरा मान्छे महत्व हुन भन्ने कुरामा १८% को राय रहेको पाइयो । छोरी मान्छे महत्व हुन भनेर एकले पनि भनेन् । यसबाट के स्पष्ट हुन्छ भने अझै पनि विद्यमान परिपाटिमा छोरी मान्छेलाई कम महत्व दिएको पाइन्छ । दुवै बराबर हुन भन्ने उत्तर दाताहरुमा पनि मलाई लाग्छ छोरा तिर नै ज्यादा झुकाव होला । छोरी मान्छे पराइघर जाने र भविष्यमा काम गरेर नै जिविका चलाउनु पर्ने भन्ने भावनाले छोरीमान्छेलाई कम महत्व दिने गरेको पाइयो तर केही चेतनाका कारणले प्राय जसो सबैले छोराछोरी बराबर हुन भनेर भनेको पाइयो ।

### ५.१.१२ भला मान्छे राख्ने

मुक्त कमैया उत्तरदाताहरु सँग भला मान्छे राख्ने सम्बन्धी अध्ययन गरी जानकारी आए सम्म शिविरमा सवैले भला मान्छे राख्नेमा १००% सहमती जनाए र शिविरमा भला

मान्छे चुन्नु हुन्छ कि हुदैन भन्ने प्रश्नमा सवैले चुन्छौ भने, यसबाट के स्पष्ट हून्छ भने मुक्त कमैया वस्तीमा अझै पनि आफ्नो परम्परा र रितीरिवाज यथावत रहेको पाइन्छ ।

### ५.१.१३ भला मान्छे भएर काम गरेका

उत्तरदाता मुक्त कमैयाहरुसँग भला मान्छे भएर कसले कसले काम गर्नु भयो भन्ने कुराको अध्ययन गरी प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १७**

**भला मान्छे भएर काम गरेका**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरेको छु । | १२ | २४ |
| २ | गरेको छैन । | ३८ | ७६ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नम्बर १७ बाट के स्पष्ट हुन्छ कि अध्ययनमा परेका उत्तरदाताहरु मध्ये भलामान्छे भएर काम नगरेका ७६% र भला मान्छे भएर काम गरेका २४% देखिए । थारुहरुमा प्रत्येक माघीमा आफ्नो समुदायको रेखदेख, न्याय, विकास, आदि हरेक क्षेत्रमा र अरु पनि सांस्कृतिक क्षेत्रको विकासका लागि एक वर्षसम्म भला मान्छे चुन्ने चलन रहेको पाइयो । भलामान्छे भनेको थारु समुदायमा वा गाउँमा थारुहरुले आफ्नो समुदायको हितको लागि प्रत्येक माघ मा एउटा मान्छेलाई चुन्दछन् उक्त भलामान्छेले आफ्नो समुदायका सामाजिक आर्थिक र सास्कृतिक पक्षमा निर्णय गर्नु र अन्त्यमा प्रत्ययेक घरबाट केही रुपमा अन्न पाउछन्

### ५.१.१४ खानेपानी

मुक्त कमैयाहरुको खानेपानी सम्बन्धि के कतिको जानकारी छ भन्ने कुराको निम्न तालिकामा प्रस्तुत गरिएएको छ ।

**तालिका १८**

**मुक्त कमैयाहरुको वस्तीको पिउने पानी सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खोलाको नउमालेको पानी खाने | ० | ० |
| २ | हेण्डपम्पको नउमालेको पानी खाने | ५० | १०० |
| ३ | धाराको पानी खाने | ० | ० |
| ४ | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत  अध्ययन, २०६५

उपरोक्त तालिन नं. १८ को आधारमा स्पष्त हुन्छ कि  अध्ययनको लागि छनौटमान परेका उत्तरदाताहरु मध्ये कसैले पनि न त खोलको पानी  खाने बताए । न त सरकारले उपलब्ध गराएको खाने पानी नै यि सबै उत्तरदाताहरुबाट के थाहा पाउन सकिन्छ । भने यस शिविरका सबै मानिसहरु हेण्डपम्पको पानी खाने र उक्त पानी नउमालिकन खाने गरेको पाईयो । साथै उनीहरुमा  उमालेर खानुपर्छ भन्ने चेतना नभेटिएके पाइयो । शिविरमा बस्दाखेरी सुरुसुरुमा उनीहरुले वरपर रहेका घरहरुबाट हेण्ड पम्पको पानी ल्याएर पिउने गरेको बताए । पछी सारकारी र गैर सरकारी संस्थाको सहयोगले शिविरमा हेण्ड पम्म गाडेर पानीको व्यवस्था गरेको पाइन्छ ।

### ५.१.१५ जाँडरक्सी

जाँडरक्सी स्वास्थ्यको लागि हानीकारक छ भनेर सरकारले सार्वजनिक रुपमा भनी रहदा पनि कमैया मुक्ती शिविरमा उत्तरदाताहरुसँग जाँडरक्सी पिउने सम्बन्धि अध्ययन गर्दा जानकारी हुन आएको प्राप्त तथ्याङ्कलाई  तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका १९

## मुक्त कमैयाहरुको धुम्रपान सम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रक्सी पिउँछु | ४३ | ८६ |
| २ | रक्सी पिउदैन | ७ | १४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. १९ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरुको रक्सी पिउनु हुन्छ कि हुदैन भन्ने कुरामा रक्सी पिउनेमा सबैभन्दा धेरै अर्थात ८६% र रक्सी नपिउनेमा १४% पाइयो । यसबाट के स्पष्ट हुन्छ भने यिनीहरुलाई रक्सी एकदम अनिवार्य वस्तु हुन आउँछ । हरेक दिन साँझ परेपछि यिनीहरु सबैले रक्सी पिउने बताएर र रक्सी नपिउनेमा भगतहरु मात्र रहेको पाइयो । भगतहरुले चाँही गाँजा खाने पाइयो ।

### ५.१.१६ पर्व

वास्तवमा पर्व एउटा यस्तो कार्य हो जसमा मानिस आफ्नो सम्पूर्ण दुःखलाई विर्सेर साथीभाई इष्टमित्रसँग रमाई रहेको हुन्छ । उत्तर दाता मुक्त कमैयाहरु पनि विभिन्न पर्वमा रमाउछन् भन्ने कुराको अध्ययन गर्दा प्राप्त जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका २०

## मुक्त कमैयाहरुको चाडपर्व सम्बन्धि विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दशै | ३६ | ७४ |
| २ | माघी | ७ | १४ |
| ३ | तिहार | १ | २ |
| ४ | होली | २ | ४ |
| ५ | क्रिश्मस डे | २ | ४ |
| ६ | वडका आईतबारी | १ | २ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोत:- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. २० को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तदाताहरु मध्ये दशैलाई मुख्य चाडपर्व मान्नेहरु सवै भन्दा धेरै अर्थात ७४% रहेको पाइयो । अन्य चाडपर्व मान्ने मानिसहरु पनि पाइए । मानिसहरुको आफ्ने वेग्लै इच्छा हुन्छ । यसरी नै मुक्त कमैयाहरुको पनि आफ्नो बेग्लै इच्छा। रहर र चलन रहेको पाइयो, दशैमा नयाँ लुगा लगाउन पाइन्छ नयाँ वाली भित्राउन पाइन्छ र दशै नेपालीको राष्ट्रिय चाड हो त्यसैले दशै नै रमाइलो लाग्छ भनेर एक थरीले भने । अर्का थरीमा हामीहरु कुल देवताको पुजा गर्ने हुनाले र लेनदेन सबैकुरा माघीमा हुने हुनाले माघी नै राम्रो लाग्ने बताए र राना थारुहरुको होली नै मख्य पर्व भएको र दशै, तिहार हाम्रो पूर्व नभउको बताए । केही क्रिश्चियन धर्माबलम्बीहरुले क्रिश्मस डे विशेष हो भने । यसरी हरेकले आफ्नो आफ्नो राय सुझाव दिए ।

**मुक्तकमैयाहरुको नाता सम्बोधन :**

| | |
|---|---|
| आमा | दाई |
| वुवा | बाबा |
| बाजे | बुद |
| बज्यै | बुदि |
| दाई | दादु |
| भाई | भया |
| दिदी | दिदि |
| बहिनी | बहिन्या |
| काका | कक्कु |
| काकी | काकी |
| फुपु | फूई |
| भिनाजु | भाटु |
| भाउजु | भउजी |
| देवर | देउरा |
| शाली | शाली |
| जेठान | जेठान |
| साथी | संधारी |
| मित | गोचली |
| सोल्टी /सोल्टा | बनदीदी,बनदाई |

## ५.२ मुक्त कमैयाहरुको आर्थिक अवस्था

### ५.२.१ मुक्तकमैयाको पेशागत अवस्था

मुक्त कमैया परिवारका सदस्यहरुलाई पेशागत रुपबाट वर्गीकरण गर्दा उत्तरदाता मुक्त कमैयाहरुको पेशागत अवस्थाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २१**

**मुक्त कमैयाको पेशागत अवस्था सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ज्याला मजदुरी | ३५ | ७० |
| २ | कृषि | ३ | ६ |
| ३ | डकर्मी | ३ | ६ |
| ४ | मिस्त्री (काठको) | ४ | ८ |
| ५ | खुद्रा पसले | २ | ४ |
| ६ | पेन्टर | १ | २ |
| ७ | केश काट्ने | २ | ४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

माथिको तालिका नं. २१ अनुसार अध्ययन गरिएका मुक्त कमैयाहरुको पेशागत अवस्थालाई हेर्दा ज्याला मजदुरी गर्नेमा ६०% कृषि कार्यमा र डकर्मिमा बराबर ६,६% काठको काम गर्ने ८% , खुद्रा पसले ४%, पेन्टर २% र केश काट्ने ४% रहेको पाइयो ।

मजदुरी गर्नेमा ज्यादा रिक्सा चालक भेटिए भने विभिन्न सरकारी र गैर सरकारी संघसंस्थाहरुले तालिम दिएकाहरु मध्येबाट केहीले उक्त तालिमको सदुपयोग गरी आफ्नो पेशा अंगालेका छन् । संघ संस्थाले र सरकारले दिएका विभिन्न सिप मुलक तालिमले गर्दा खेरी मुक्त कमैयाहरुको पेशामा केही परिवर्तन पाइयो । दिनभर जमिन्दारको घरमा काम गर्दा जुन नगद पान्इथ्यो खाली दिनभर काम जोताइ राख्थे त्यसमा परिवर्तन

ल्याई यिनीहरु प्राय लालिमको सदुपयोग गरी वा मजदुरी गरि पनि आफ्नो जिवीका चलाइरहेको पाइयो ।

### ५.२.२ जग्गा

मुक्त कमैया परिवारले सरकारले दिएको जग्गा पायोकि पाएन भन्ने कुरा को जानकारी लिदा आएको विवरण तल देखाएको छ ।

**तालिका २२**

**मुक्त कमैयाको जग्गा सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पाए | २१ | ४२ |
| २ | पाएन | २९ | ५८ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

मुक्त कमैया शिविरमा रहेकाहरु मध्येबाट जम्म ४२% ले मात्र जग्गा पाएको बताए । र बाकी ५८% ले जग्गा नपाएको बताए । सरकारले २०५७ मा कमैयाहरुलाई मुक्त गरेपछि दुई चरणमा एक चोटी २०५७ सालमा र एक चोटी २०६० सालमा गरि परिचय पत्र विरण गऱ्यो । यसरी दुई चोटी परिचय पत्र विरण गर्दा खेरी जस्ले परिचय पत्र लियो उनीहरुले जग्गा पाए र परिचयपत्र नलिने, पछि आएर मुक्त कमैया शिविरामा बसेकाहरुले जग्गा पाएनन ।

### ५.२.३ बचत

मुक्त कमैया शिविरमा रहेका मुक्त कमैयाहरु मध्ये छनौटमा परको उत्तरदाताहरुलाई दिनभर कमाएको पैसा बचत गर्नु हुन्छ कि हुदैन भनेर सोधिएको प्रश्नमा  उनीहरुको दिएको विवरण तलको तालिकामा  प्रस्तुत गरिएको छ ।

### तालिका २३

### मुक्त कमैयाको बचत सम्बन्धि विवरण

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पैसा बच्दछ | २१ | ४२ |
| २ | बच्दैन | २९ | ५८ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. २३ बाट के थाहा हुन आउछ भने दिनभर कमाएको पैसामा बचत गर्ने ४२% र बचत नगर्नेमा ५८% रहेछन् । बचत गर्नेहरुले दिनमा कमाएको पैसा मध्येकाट दैनिकि रुपमा समूह बनाएर उक्त समुहमा जम्मा गर्नेरहेछन् यसरी बचाउनेहरुमा एकैघरका लोग्ने र स्वास्नी मजदुरी गर्ने मात्र भेटिए । बाँकीले न बचाउने बताए ।

### ५.२.४ खाना

यस शिवीरमा बसेका उत्तर दाता मुक्त कमैयाहरुको खानाको अवस्थालाई अध्ययन गरि प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

### तालिका २४

### मुक्त कमैयाहरुको खानाको अवस्था सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साँझ विहान खान खाने | २७ | ५४ |
| २ | दिनमा एक छाक मात्र खाना खाने | ९ | १८ |
| ३ | साँझ विहान खाना र दिउसो नास्ता | १४ | २८ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. २४ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेकाहरुका मध्ये साँझ विहान खानाखाने व्यक्तिहरु सबैभन्दा धेरै अर्थात ५४% रहेका छन् भने साँझविहान खाना र दिउँसो नास्ता खाने २८% रहेको पाइयो । सबै भन्दा कम एक छाक मात्र खाना खाएर आफ्नो जिवन गुजारा गर्ने १८% रहेको पाइयो । यसबाट यिनीहरुको कमजोर आर्थिक अवस्था स्पष्ट रुपमा झल्किन्छ । दिन भर कमाएको रुपैया मध्येबाट धेरै जसोले साझ विहान खाना खाने बताए, साँझ विहान खान खानेहरुमा पनि धेरै जसो भात र तरकारीमात्र खाने गरेको पाइयो तरकारी भन्नाले सोयाविन, आलु, वा अन्य चिजमा पानी हालेर त्यसमा नुन मात्र राखेर झोलसंग भात खाने गरेको पाइयो । कसै कसैले नुन र भात खाने गरेको त कसैले नुन रोटी खाने गरेको पाइयो र दिउसो नास्ता गर्नेहरु पनि त्यही विहान पकाएको खाना नै नास्ताको रुपमा खाने गरेको पाइयो

## ५.२.५ कमलारी पठाएको

उत्तरदाता मुक्तकमैयाहरुसंग उनीहरुका छोराछोरीलाई कमलारी पठाउनु भएको छ कि छैन भन्ने कुराको विवरण तलको तालिकामा  देखाइएको छ ।

**तालिका २५**

**मुक्त कमैयाको कमलारी पठाएको सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वामलाडी पठाएको छ | ८ | १६ |
| २ | वामलाडी पठाएको छैन | ४२ | ८४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

बढ्दो जनचेतना र सरकारी तथा गैरसकारी संस्थाले पुऱ्याएको योगदानको कारणले मुक्त कमैया शिविरका बालबालिका त्यति धेरै कमलारी बस्न नगएको थाहा भयो । जम्मा १६% मात्र कमलारी पठाएको र बाँकी ८४% ले कमलारी नपठाएको बताए । कमलारी पठाउनेहरुमा बिशेष गरी पुराना जमिन्दारबाट ऋण लिएका वा स्थानिय धनी मान्छे कहाँ

आफ्नो छोरीलाई वार्षिक ५ देखी १० हजार समम मा पठाएको पाइयो । छोरा छोरी ज्यादा भएका र ऋण लिएका ब्यक्तिहरुले प्राय आफ्नो छोरीलाई कमलारी पठाएको पाइयो ।

### ५.२.६ परिचयपत्र

उत्तरदाता मुक्त कमैयाहरु मध्ये कसले कुन कुन परिचयपत्र पायो भन्ने कुराको जानकारी लिदा थाहा भएको विवरण तलको तालिकामा प्रसतुत गरिएको छ ।

**तालिका २६**

**मुक्त कमैयाको परिचय सम्बन्धि विवरण**

| क.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रातोकार्ड | २९ | ५८ |
| २ | निलोकार्ड | ० | ० |
| ३ | पहेलो कार्ड | ७ | १४ |
| ४ | सेतो कार्ड | १४ | २४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

मुक्त कमैयाहरु मध्ये कुल ५८% ले रातोकार्ड पाएको बताए, निलोकार्ड कसैले पनि नपाएको र पहेलो कार्ड १४% ले अनी २४% सेतो कार्ड पाएको थाहा भयो । रातो कार्ड पाएकाहरुको आफ्नो कुनै पनि ठाउँमा घर जग्गा नभएको बुझियो र एलानी प्रती जग्गामा आफ्नो घर बनाई बसेका निलो कार्ड वाला, दुइ कट्ठा भन्दा कम जग्गा धनी प्रमाणपूर्जा भएका पहेलो कार्ड वाला र दुई कट्ठा भन्दा बढी जग्गा धनी प्रमाण पूर्जा भएका हरुको सेतो कार्ड रहेको पाइयो ।

### ५.२.७ ऋण सम्बन्धि विवरण

उक्त छनौटमा परेका उत्तरदाताहरुसंग ऋण सम्बन्धि कुराको जानकारी लिदा पाएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २७**

**मुक्त कमैयाको ऋण सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ऋण लिएको | ३३ | ६६ |
| २ | ऋण नलिएको | १७ | ३४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. २७ बाट थाहा हुन आउँछ कि ६६% ले ऋण लिएका रहेछन् भने ऋण नलिएको संख्या ३४% रहेछ । ऋण लिनेहरुमा चाहि प्राय जसो भोज भतेरका लागि र केही केही व्यापारको लागि पनि लिने गरेको पाइयो यसमा जो समूहको सदस्य छ उनीहरुले मात्र आफ्नो समूहबाट ऋण लिने गरेको पाइयो । समूहमा आवद्ध भन्नाले मुक्त कमैयाहरुले एउटा समूह गठन गरि दैनिक सक्दो पैसा जम्मा गरि उक्त पैसा व्याजमा दिने गरेको पाइयो ।

### ५.२.८ ऋण लिनुको कारण

उत्तरदाता मुक्त कमैयाहरु मध्ये ऋण लिनुको के कारण रहेछ त भनेर सोध्दा पाएको उत्तरको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २८**

**मुक्त कमैयाको ऋणलिनुको कारण सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खान लाउन नपुगेर | ११ | २२ |
| २ | व्यापार गर्नलाई | ७ | १४ |
| ३ | औषधी उपचार | १० | २० |
| ४ | विवाहका लागि | ५ | १० |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. २८ बाट के स्पष्ट हुन्छ भने उत्तरदाता मुक्त कमैयाहरु मध्ये जसले ऋण लिएको थियो उनीहरु मध्येबाट ५२% ले खान लाउन नपुगेर ऋण लिएको पाइयो १४% ले व्यापार गर्नुलाई ऋण लिएको पाइयो २०% ले औषधी उपचार गर्नलाई

ऋण लिएको पाइयो भने १०% ले  विवाहका लागि  ऋण  लिएको पाइयो । ऋण दिदाखेरीतत्काल कस्को समस्या कस्तो छ त्यो प्रवृत्ति हेरी आफ्नै शिविरको सदस्य या भलामान्छेको निर्णय बाट ऋण प्राथमिताका आधारमा दिने गरेको पाइयो ।

### ५.२.९ ऋणको स्रोत

उत्तरदाता मुक्त कमैयाहरु मध्येबाट जसले ऋण लिएको थियो । उसलाई  ऋण लिएको स्रोत के हो ?  भनी  सोध्दा  पाएको विवरण तलको तालिकामा  प्रस्तुत  गरिएको छ ।

**तालिका  २९**

**मुक्त कमैयाको ऋणको स्रोत सम्बन्धि विवरण**

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बैंक | ० | ० |
| २ | साहु | ६ | १२ |
| ३ | साथीभाई | १५ | ३० |
| ४ | समुह | १२ | २४ |
| | जम्मा | ३३ | ६६ |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

माथिको तालिका नं. २९ बाट के थाहा हुन्छ भने ऋण लिएको मुक्त कमैयाहरु मध्येबाट बैंकबाट कसैले  पनि ऋण  नलिएको पाइयो । साहुबाट  १२% ऋण लिएको पाइयो । साथी भाईबाट  ३०% ले र  समुहबाट  २४% ले ऋण लिएको पाइयो ।

### ५.२.१० यही शिविरमा वस्ने कारणहरु

छनौटमा परेका उत्तरदाता मुक्त कमैयाहरुलाई किन यही शिविरमा  मात्र वसेको भनी प्रश्नको जवाफ तलको विवरणमा देखाइएको छ ।

### तालिका ३०

### मुक्त कमैयाहरुले यहि शिविरमा बस्नु पर्ने कारण सम्बन्धि विवरण

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारले तोकेको | २१ | ४२ |
| २ | साथीभाईको लहलहैमा | २३ | ४६ |
| ३ | खाली ठाउँमा भएको | ६ | १२ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. ३० बाट के थाहा हुन्छ भने उत्तरदाताहरु मध्येबाट सबैभन्दा धेरै अर्थात ४६% ले साथीभाईसंग यही शिविरमा बसेको बताए भने ४२% सरकारले तोकेको ठाउँ भएका कारणले र १२% खाली ठाउँ भएकाले वसेको बताए। सरकारले अस्थायी रुपका लागि उक्त ठाउँमा मुक्त कमैयाहरुलाई बसाएको तर पछि आफ्ना नातेदार या एकै गाउँ ठाउँका मानिस एकै ठाउँमा बस्ने र जे जस्तो समस्या पनि संगै टारुला भनि कोही साथी भाई संग बसेका र कोही चाही मुक्त कमैयाको शिविरमा रहेका कारणले बसेका पाइयो।

### ५.२.११ नजिक नजिकै घरभएको प्रतिक्रिया

सानो ठाउँमा पनि ४०/५० घर परिवार एकै ठाउँमा बसेका हुनालेहरुलाई केही प्रकारको असजिलो त हुदैन भन्ने कुरा छनौटमा परेका मुक्त कमैयाहरुसंग सोध्दा उनीहरुबाट आएको प्रतिक्रिया निम्न विवरणबाट थाहा पाउन सकिन्छ।

**तालिका ३१**

**नजिक नजिकै घर भएकाहरुको प्रतिक्रियाको विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हल्ला हुन्छ | २३ | ४६ |
| २ | हल्ला हुदैन | २७ | ५४ |
| | जम्मा | ९० | १०० |

उपरोक्त तालिका नं. ३१ बाट के थाहा हुन्छ भने एकैठाउँमा बसेका मुक्त कमैयाहरु मध्ये बाट ५४% ले होहल्ला हुन्छ भने अनी ४६% चाही कुनै प्रकारको असजिलो नहुने बताए ।

### ५.२.१२ आधुनिक सुविधामा पहुँच

यस अध्ययनमा परेका मुक्त कमैयाहरुलाई उनीहरुसंग अहिलेको बदलिदो परस्थितिमा कुन कुन मनोरञ्जनका साद्दन छन त भन्ने कुराको जानकारी तलको विवरणमा देखाइएको छ ।

**तालिका ३२**

**आधुनिक सुविधामा पहुँच**

| क.सं. | विवरण | संख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | भएका | नभएका | | |
| १ | रेडियो FM | ३७ | १३ | ५० | १०० |
| २ | क्यामरा | २ | ४८ | ५० | १०० |
| ३ | टि.भी | ० | ० | ५० | १०० |
| ४ | साईकल, रिक्सा | ३३ | १७ | ५० | १०० |
| ५ | घडी | ४४ | ६ | ५० | १०० |
| | जम्मा | १०० | १०० | | १०० |

तथ्यांक स्रोत :- स्थलगत अध्ययन २०६५

माथिको तालिका अनुसार छनौटमा परेका मुक्त कमैयाहरुसंग आधुनिक सुविधाको पुहचको बारेमा प्राप्त भएको जानकारीमा रेडियो र F.M. भएका मुक्त कमैया ३७, नभएका १३ अनि क्यामरा भएका २ जना र नभएका ४८ जना, साईकल वा रिक्सा भएका ३३ र नभएका १७ जना, भने कसैको पनि घरमा टि.भी. रहेनछ । अनि हातमा घडी लगाएका ४४ जना र नलगाएका ६ जना भेटिए ।

### ५.२.१३ भावी योजना

शिवीरमा बसेका उत्तरदाता मुक्त कमैयाहरुलाई अव के गर्नु हुन्छ त भनेर सोधिएको प्रश्नमा जानकारी हुन आएको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३३**

**मुक्त कमैयाहरुको भविष्यको योजना सम्बन्धि विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मजदुरी गरी खाने | ३१ | ६२ |
| २ | व्यापार गर्ने | २ | ४ |
| ३ | भारत तिर पस्ने | ५ | १० |
| ४ | उद्योग गर्ने | ९ | १८ |
| ५ | थाहा छैन | ३ | ६ |
| | जम्मा | ५० | १०० |

उपरोक्त तालिका नं. ३३ बाट प्राप्त भए अनुसार अध्ययनको लागि छनोटमा परेका उत्तरदाताहरु मध्ये मजदरी गरेर खाने व्यक्तिहरु सबै भन्दा धेरै अर्थात ६२% रहेका छन् भने उद्योगधन्दा गरेर खानेमा १८% छन् । अनी भारत तिर गएर काम गर्ने भनेर १०% ले भन्यो भने ४% ले चाही सानो तिनो व्यापार गर्ने वताए अनि भविष्यमा के गर्ने भनेर थाहा नपाउनेमा ६% भेटिए ।

## ५.३ मुक्त कमैयाको सास्कृतिक अवस्था

### ५.३.१ धर्म

शिविरमा बसेका मुक्त कमैयाहरुको सामाजिक अवस्थालाई अध्ययन गर्दा उनीहरुको कुन धर्म मान्दा रहेछन भन्ने कुराको तथ्याङ्कलाई तलको तालिमामा प्रस्तुत गरिएको छ ।

**तालिका ३४**

**मुक्त कमैयाहरुले मान्ने धर्म सम्बन्धि विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ४८ | ९६ |
| २ | क्रिश्चयन | २ | ४ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. ३४ को आधारमा सपष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तर दाताहरु मध्ये हिन्दुधर्म मान्ने व्यक्ति सवै भन्दा धेरै अर्थात ९६% रहेका छन् भने क्रिश्चियन धर्म मान्ने व्यक्ति ४% रहेको पाइयो । यसबाट प्रया सबै जाना हिन्दु धर्मावलम्वि नै रहेको पाइयो थारु जातीहरु परापूर्वकाल देखीनै हिन्दुधर्माबलम्बी हुन भन्ने कुर थाहा पाउन सकिन्छ तर समय र परिस्थितीले र बढेदै गएको अरु धर्मको प्रचार प्रसारले र अनी क्रिश्चियन धर्माबलम्बीले केही आर्थिक प्रलोभन देखाउने गरेका कारणले क्रिश्चियन धर्माबलम्बी पनि केही रहेको पाइयो ।

### ५.३.२ कुल देवता

शिविरमा बसेका मुक्त कमैयाहरुको सामाजिक अवस्थालाई अध्ययन गर्दा उनीहको कुल देवता सम्बन्धि जानकारी हुन आएको प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ३५

## कुल देवतालाई पूजा गर्ने सम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुजा गर्छौ | ४६ | ९२ |
| २ | पुजा गर्दैन | ४ | ८ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं.३५ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये कुल देवताको पुजा गर्ने व्यक्ति सबैभन्दा धेरै ९२% हुन भने कुल देवलको पुजा नगर्ने कम अथवा ४% मात्र रहेको पाइयो । कुल देउतामा मुक्त कमेयाहरु घोडा,हात्ती, आदीलाई आफ्नो ढोकाको पूर्व पट्टि बाहिर आगन मा सानो झुप्रोमा स्थापना गर्ने बताएका तर मुक्त कमैया बस्तीमा ठाउँको अभावले तिन चार झुप्रोमा मात्र आफ्नो कुल देवताको स्थापना गरेको पाइयो । यसका अलवा मुक्त कमैयाहरुले भुतवा देवताको पनि पुजा गर्ने बताए, भुतुवा देउता डर लाग्दो अध्यारो ठाउँमा ध्वजा,अविर आदि राखी परेवा, बोका, कुखुरा आदिको बलि दिने पाइयो ।

### ५.३.३ सामाजिक र सास्कृतिक परिवर्तन

बदलिदो विश्व र नयाँ-नयाँ फेसन अनुरुप मुक्त कमैयाहरुको धारणाको बारेमा अध्ययन गर्ने भनेर उत्तरदाता मुक्त कमैयाहरुबाट जानकारी हुन आएको प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३६**

**मुक्त कमैयाहरको सांस्कृतिक परिर्वतन सम्बन्धि विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवर्तन हुनुपर्दछ | २५ | ५० |
| २ | ठिकै छ | २० | ४० |
| ३ | परिवर्तन हुनुहुदैन | ५ | १० |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं. ३६ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये आफ्नो संस्कृतिमा परिर्वतन हुनुपर्छ भन्नेमा सवै भन्दा धेरै अर्थात ५०% को विचार अनी ठिकै छ भन्नेमा ४०% र संस्कृति परिर्वतन हुनु हुदैनमा सबैभन्दा कम अर्थात १०% मात्र रहेको पाइयो । यसबाट स्पष्ट हुन्छ कि मुक्त कमैयाहरु आफ्नो संस्कृतिमा परिर्वतन गरेर रमाउन चाहन्छन् । मुक्त कमैयाहरु मध्ये धेरै जसोले नयाँ पहिरन, नयाँ रितीरिवाज आदि सग चलनुपर्दछ भन्ने कुरा राखे भने कसै कसैले आफ्नो पुरानो पहिरन, चालचलन वोली भाषा नै राम्रो हो भने

**५.३.४ उपचार प्रविधि**

यस शिवीरमा बसेका उत्तरदाता मुक्त कमैयाहरुको उपचार प्रविधिको अवस्थालाई अध्ययन गरी प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ३७**

**मुक्त कमैयाको उपचार प्रविधि सम्बन्धी विवरण**

| क.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | डाक्टर + झार फुक | २८ | ५६ |
| २ | डाक्टर मात्र | १६ | ३२ |
| ३ | गुरुवा | ६ | १२ |
| | जम्मा | ५० | १०० |

तथ्याङ्क स्रोतः- स्थलगत अध्ययन, २०६५

उपरोक्त तालिका नं ३७ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तर दाताहरु मध्ये सबै भन्दा धेरै डाक्टर र झारफुक दुवैमा विश्वास राख्ने ५७% डाक्टरलाई मात्र देखाउने ३२% र सवै भन्दा कम गुरुवालाई देखाउने १२% मात्र रहेका पाइयो । यसबाट के स्पष्ट हुन्छ भने डाक्टर माथी विश्वास राख्ने परिपाटी बढेको देखियो । डाक्टर कहा जान समयपनि धेरै लाग्ने धेरै लाग्ने र औषाधी किन्न पैसा पनि धेरै लाग्ने कारणले प्रायजसो गुरु वालाई नै झारफूक गर्न वोलाउने गरेको पाइयो ।

## ५.४ गैर सरकारी संस्थाले मुक्त कमैयाको लागि गरेका क्रियाकलपहरु

मुक्त कमैयाहरुको हक हितका लागि विभिन्न संघ संस्थाहरुले आफ्नो काम कर्तब्यलाई अगाडी वढाई राखेका छन् । कमैया मुक्तिका घोषणा हुनु पूर्व नै कमैया प्रथा उन्मुलन समाज ( KPUS ) ले र लुथरन विश्व फेडेरेसन (LWF—Nepal ) ले वि.सं. २०५४ साल देखि नै मानव अस्तित्वको कलंकको रुपमा रहेको कमैया प्रथाको उन्मुलनको लागि तिनीहरुको हक हीत र अधिकारकम लागि सहयोग गर्दै आइरहेका छन् । सिप्रड, नेवा, वेस, सेभ द चिल्ड्रेन, लुथरन विश्व फेडेरेसन, कमैउा प्रथा उन्मुलन समाज, भलामान्छे समिति आदीले मुक्त कमैयाहरुका लागि आ- आफ्नो क्षेत्रबाट सहयोग गरिराखेका छन् ।

- कमैया प्रथा उन्मुलन समाज (KPUS), कैलालीले स्थापना काल देखि नै लुथरन विश्व फेडेरेसन (LWF—Nepal )संग मानव अस्तित्वको कलंकको रुपामा रहेको बाधाँ दास कमैया प्रथाको अन्तका लागि २०५४ साल देखि हाल सम्म औपचारीक तथा अनौपचारिक रुमा हातेमालो गर्दै सहयोग गरि रहेको छ ।

- कमैया प्रथा उन्मुलन समाज, कैलालीले आधारभूत मानव अधिकार कक्षा संचलन गरि मुक्त कमैयाहरुलाई अरुका सामु खलेर वोल्न सक्ने, आफ्ना अधिकारका वारेमा कुरा गर्न सक्ने, जन्मदर्ता, मृत्युदर्ता तथा नागरिकता बनाउने र वहुविवाह, वालविवाह जस्ता कुराका वारेमा चेतना बढाई उनिहरुको वौद्धिक स्तर माथी उठाएको छ ।

- लुथरन विश्व फेडेरेसनले मुक्त कमैया शिविरमा एउटा ठेकेदारको जिम्मामा २५ बटा रिक्सा उपलब्ध गराएको छ ।

- NEWAH (नेवा) भन्ने संस्थाले मुक्त कमैया शिविरमा हेण्डपम्म उपलब्ध गराइ पिउने पानीको लागि सहयोग गरेको छ ।

- सिप्रड (CEAPRED) ले जग्गा पाएका मुक्त कमैयाहरुलाई तरकारी खेती लगाउन । सहयोग गरेको छ । जसको कारणले गर्दा खेरी दुई वा पाँच कट्ठा जमीन पाएकालाई केहीहद सम्म तरकारी खेतीले आर्थिक सहयोग पुगेको छ ।

- व्याक वार्ड सोसाइटी एजुकेशजन (वेस) ले विभिन्न चेतना मुलक कार्यक्रम सञ्चालन गरेर मुक्त कमैयाहरुलाई सहयोग गरेको छ । मुक्त कमैयाको आवाज सबैले सुनुन र मुक्त कमैयाको हितमा अग्रसर हुन भने थारु समुदायका कमैयाहरुमा चेतनाको रहर आओस भन्ने हेतुले कैलाली जिल्लाको अत्तरियामा सामुदायिक रेडीयो, घोडाघोडी F. M. 100.4 MHZ को स्थापा गरेको छ ।

- विभिन्न समयमा रेडक्रसले मुक्त कमैया शिविरमा गएर औषधी उपचारको व्यवस्था गरिराखेको छ ।

- जिल्ला शिक्षा कार्यालय, वेस तथा कोडेक्स कैलाली ले १० गा.वि.स.का ३८९ जना केटा २२१ केटी १८६ लाई विद्यालय भर्ना गर्न सहयोग

- नाष्ट उ.मा.वि. धनगढीले खडक चौधरीलाई आई.एस्सी र B.E सम्मको सम्पूर्ण खर्च आफैले व्यहोर्ने गरि मुक्त कमैया का एक होनहार विद्यार्थीलाई पढाइ राखेको छ ।

- कमैया प्रथा उन्मुलन सकाजले विभिन्न मुक्त कमैया शिविरमा भलामान्सा समिति गठन गरि समितिको नेतृत्व, मध्यसतकर्ता, Parliamentary System को वारेमा तालिम दिइ क्षमता अभिवृद्धि गरेको छ ।

यसरी विभिन्न संध- सस्थाहरुले मुक्त कमैया शिविरमा सहयोग पुर्‍याइरहेका छन् । यसका अतिरिक्त संघ संस्थाहरुले विभिनन प्रकारका रोजगारी मुखी सीप सिकाएर केही मुक्त कमैयाहरुको जिविकालाई माथी उठाएको छ । घरेलु तथा साना उद्योग, सिप विकास तथा तालिम केन्द्र, रेयुकाई र अन्य संघ संस्थाहरुले मुक्त कमैयाहरुलाई वेलावेलामा तालिम दिई राखेको हुन्छ । जुन तालिम निम्न लिखित छन् ।

साइकल मर्मत

नाइ (केश काट्ने)

सिकर्मी

डकर्मी, सिलाशई कटाई र विद्युत जडान आदी

**५.५ कमैया सर्वेक्षण (लगत संकलन)**

२०५२ सालमा सरकारले बाँके, वर्दिया, दाङ्ग, कैलाली र कञ्चनपुर जिल्लामा रहेका बाधा जदुरको संख्या एकिन गर्न भूमिसुधार कार्यालयहरुलाई परिचालन गरि विवरण संकलन गर्ने कार्य प्रारम्भ गऱ्यो । २०५२ सालमा विवरण संकलन गर्दा पाँचै जिल्लाका १५, १५२ वाधा मजदुरहरुको तथ्याङ्क संकलन भयो भने कैलाली जिल्लामा बाधा मजुदरहरुको संख्या ५,५५७ देखियो । यसपछि २०५७ साल श्रावण २ गते सरकारबाट पुर्ण रुपमा कमैया मुक्त घोषणा भए पश्चात २०५७ साल भाद्र देखि प्रत्येक गा.वि.स..मा भूमि सुधार कार्यालय लगायत अन्य कार्यालयका कर्मचारीहरु समेत परिचालन गरी विवरण संकलन गर्ने कार्य भयो । संकलित विवरण अनुसार कैलाली जिल्लामा तपशिल बमोजिमका मुक्त कमैयाहरुको तथ्याङ्क संकलन भयो । २०५७ सालमा कमैयाहरुलाई चार किसिमबाट हेरियो । जुन निम्न प्रकार छन् :

१) आफ्नो कुनै ठाउँमा पनि घर जग्गा नभएको बाधा मजदुरहरुको रुपमा किसानको घरमा बसेको (क वर्ग)

२) ऐलानी प्रति जग्गामा आफ्नो घर बनाई बसेको (ख वर्ग),

३) दुई कठ्ठा भन्दा कम जग्गाधनी प्रमाण-पुर्जा भएको छ (ग वर्ग),

४) दुई कठ्ठा भन्दा बढी जग्गाधनी प्रमाण-पुर्जा भएको (घ वर्ग),

यसरी कैलाली जिल्लामा लगत संकलन गर्दा तपसिल बमोजिम मुक्त कमैयाहरु देखिए :

१) 'क' वर्गमा २,४८८

२) 'ख' वर्गमा २,६२०

३)  'ग' वर्गमा  १८९

४)  'घ' वर्गमा  ५९८

**५.६ लगत संकलन र छानबिनमा देखिएकान समस्याहरु**

१) कमैया हो, होईन भन्न द्वन्दको समयमा डर, त्रासका कारण कमैया नभएपनि छानविनका समयमा भन्न नचाहने । कमैयाहरु पनि नातापाता पर्ने अथवा रिसाउला भन्ने कारणबाट नबताउने ।

२) स्थानीय पार्टी प्रतिनिधीहरु पनि कसैको किन विरोध गर्ने भन्ने सोचबाट जानकारी गराउन नचाहने ।

३) घर-घर, गाउँ-गाउँ जान शान्ति सुरक्षाको कारणले सम्भव नभएको ।

४) एकै बुवाका ४/५ छोरा भएकोमा सबैले परिचयपत्र प्राप्त गर्न खोज्ने र छुट्टी भिन्न भै सकेका छौं भन्ने गरेका ।

५) स्थानीय जनप्रतिनिधी नरहेको अवस्थाम गा.वि.स. सचिवलाई सम्पूर्ण मुक्त कमैयाहरुको परिचय समेत नभएको ।

६) 'क' वर्गका परिचयपत्र प्राप्त कमैयाले बढी सुविधा पाउँछ भन्ने धारणाले जग्गा छैन भन्ने गरेका ।

**५.७ परिचय पत्र वितरण**

२०५७ सालमा मुक्त कमैया छानविन कार्य सम्पन्न भैसकेपछि छनोट भएका मुक्त कमैयाहरुलाई चार किसिमका परिचय-पत्र वितवरण गर्ने कार्य गरियो ।

१) पटक्कै जग्गा नभएकालाई रातो परिचय - पत्र,

२) ऐलानी प्रति जग्गा बसोबास भएकालाई नीलो परिचय-पत्र,

३) दुई कठ्ठासम्म जग्गा धनी प्रमाण-पूर्जा भएकालाई पहेलो परिचय-पत्र,

४) दुई कठ्ठा भन्दा बढी जग्गाधनी प्रमाण-पूर्जा भएकालाई सेतो परिचय पत्र,

## ५.८ पुर्नस्थापनमा हालसम्म भएको प्रगती

२०६३ साल आश्विन महिना देखि मुक्त कमैया पुनर्स्थापन जिल्ला समिति कैलालीको गठन भएतापनि २०६३ साल आश्विन २७ गते मुक्त  कमैया पुर्नस्थापन केन्द्रीय समितिका संयोजक श्री  छविराज पन्त ज्यूको प्रमुख आथित्यमा बैठक बसी समितिलाई  पूर्णता दिने निर्णय भयो । २०६३ कार्तिक १४ गते बसेको बैठकबाट समितिले पूर्णता पाएपछि कामको प्रारम्भ गर्ने सिलसिलामा मुक्त कमैयाहरुले विभिन्न माग राखी आन्दोलन जारी राखेको कारणबाट मुक्त कमैया पुनर्स्थापन सम्बन्धी काममा अवरोध खडा भयो । २०६३ साल पौष २० गते  मुक्त कमैयाहरुसंग १० बुंदे सम्झौता भई पुनर्स्थापन कार्य गर्दा वन ऐन, २०४९ को दफा ३ र ६८  को अधिकार नेपाल सरकारको निर्णय अनुसार कटौटी भई २०६३ चैत्र १ देखि २०६४ जेष्ठ १६ सम्म कार्य संचालनमा पुनः बाधा व्यवधान आयो र पुनः सरकारको मिति २०६४ साल जेष्ठ १७ को नियम अनुसार मिति २०६४ जेष्ठ १७ देखि वन ऐन २०४९ को दफा ३  र ६ को अधिकार समितिलाई प्राप्त भएपछि पुनः कार्य प्रारम्भ गरी थोरै अवधिमा भएपनि समितिको १५ पटक बसेको बैठकको प्रयासबाट १ हजार ५ मुक्त कमैया परिवारलाई  बसोबासका लागि नगरपालिका क्षेत्रमा प्रति परिवार २/२ कट्ठाका दरले र गाउँमा ५/५ कट्टाका दरले जग्गाधनी प्रमाण-पूर्जा उपलब्ध गराईएको छ ।

**२०५८ सालदेखि २०६५ आषाढ मसान्तसम्म जग्गा दर्ता समिति तथा  मुक्त  कमैया पुनर्स्थापन जिल्ला  समिति कैलालीले गरेको प्रगति विवरण**

**तालिका ३८**

| सि.नं. | गा.वि.स. | रातो संख्या | नीलो संख्या | जम्मा | जग्गा बिगाहा |
|---|---|---|---|---|---|
| १. | धनसिंहपुर | ९ | ११ | २० | ०-१९-७ |
| २. | नारायणपुर ३,४ | ७८ | ११ | ८९ | ८-१-७ |
| ३. | टिकापुर न.पा. | १८७ | ३१४ | ५०१ | ५१-८-७ |
| ४. | मुनुवा | १४ | १५३ | १६७ | २३-१७-६ |
| ५. | दुर्गौली  ६ | १९२ | १४० | ३३२ | ५५-३-० |
| ६. | पथरैया  १, ८ | १५० | १६ | १६६ | ३२-६-३ |
| ७. | बलिया | | ३१ | ३१ | ३-११-१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | लालबोझी | १४ | १०९ | १२३ | ३५-११-१२ |
| ९. | भजनी ३,४ | १४५ | ९८ | २४३ | ५०-५-४ |
| १०. | थापापुर | १६७ | ८१ | २४८ | ५१-१८-५ |
| ११. | खैलाड | १८ | ५२ | ७० | १३-२-१० |
| १२. | जोशीपुर | ७६ | १०८ | १८४ | २८-१७-१० |
| १३. | बौनिया | ६२ | ५७ | ११९ | १७-३-११ |
| १४. | जानकीनगर | २ | १९ | २१ | १-१९-८ |
| १५. | प्रतापपुर | ३० | १०५ | १३५ | १९-११-१३ |
| १६. | कोटातुल्सीपुर | २१६ | २५३ | ४६९ | ७२-१३-१५ |
| १७. | चुहा | ४५ | २२ | ६७ | १२-१७-११ |
| १८. | दोदोधरा | | ५० | ५० | ८-७-१० |
| १९. | साँडेपानी | २२१ | २४ | २४५ | ६०-९-४ |
| २०. | रतनपुर | १२ | ७८ | ९० | १६-१३-० |
| २१. | पवेरा | | २० | २० | २-१६-१९ |
| २२. | हसुलीया | ५७ | २३ | ८० | १७-१-० |
| २३. | उदासीपुर | १ | ३२ | ३२ | ४-१२-१३ |
| २४. | बसौटी | १ | २९ | ३० | ३-११-८ |
| २५. | गदरीया | १ | ३५ | ३६ | ४-९-४ |
| २६. | फुलबारी | | | | |
| २७. | पहलमानपुर | १०० | ६१ | ६२ | ८-१३-३ |
| २८. | दरख ४ र ७ | | १२१ | २२१ | ३८-०-९ |
| २९. | रामशिखरझाला | | ३१ | ३१ | ४-१-१७ |
| ३०. | मसुरिया १,४,५ | ५५ | १२९ | १८४ | २९-१७-९ |
| | " साविक लिक्मा | | १० | १० | १-१८-६ |
| | " साविक ऐठा | | ११ | ११ | १-६-१३ |
| ३१. | चौमाला १,७, ८ | ३३१ | ३४ | ३६५ | ९०-१६-१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२. | उर्मा ७ | १९६ | १५० | ३४६ | ६७-२-० |
| ३३. | ध.न.पा. १२ | २६४ | १२ | २७६ | ३७-१८-१२ |
| ३४. | बेलादेवीपुर १ | ६१ | १५ | ७६ | १७-९-१८ |
| ३५. | गेटा ७ | ९५ | ६ | १०१ | २४-१७-१४ |
| ३६. | श्रीपुर | ३३ | ६८ | १०१ | २०-५-० |
| ३७. | मालाखेती २,४,६ | १५४ | | १५४ | ३८-१०-० |
| | कुल जम्मा | २९८७ | २५१९ | ५५०६ | ९७८-५-२ |

स्रोत भूमिसुधार तथा व्यवस्थापन कार्यालय कैलाली

# अध्याय छ

## ६.१ साराशं, मुख्य पत्ता लगाएका कुराहरु भविष्यमा गरिनुपर्ने अनुसन्धान र निष्कर्ष

परिचयः नेपालको तराई क्षेत्रमा वस्ने विभिन्न वासीहरु मध्ये थारुपनि एक तराई क्षेत्रका आदीवासी हुन । परापूर्व कालदेखि नै तराईमा वसोवास गर्दै आइ रहेका थारुहरु राणकालमा आएर बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेको घना जंगललाई फडानी गरेर बसी । यसरी थारुहरु बसी सकेपनि यिनीहरुले जमिन बनाएर र आफ्नो जिविका चलउन लागे र यसरी थारुहरु, तराई मा बसे पछि पहाडबाट पहाडीयाहरु तराईमा विभिन्न वहना बनाएर उनिहरुका जग्गा आफूले लिन थाले यसरी थारुहरुका जग्गामा पहाडीयाहरु वसेर उनको जग्गा आफ्नो नाममा हालेर उनीहरुको जग्गा पूरा लिइसकेपछि पछि पहाडीया जमिनदारहरुले थारुलाई आफ्नो बारीमा काम गर्ने कमैयाको रुपमा प्रयोग गर्न थाले यसरी आफ्नै जग्गाका मालिक थारुहरु पछि गएर कमैया भएर जसको कारण अधिकाशं मुक्त कमैयाहरु यही थारु जाती भित्र पर्दछन् ।

### ६.१.१ अध्ययन क्षेत्र

यस शोधपत्र भित्र कैलाली जिल्लाको गेटा गा.वि.स.को र श्रीलंका शिविरमा रहेका मुक्त कमैयाहरुको वारेमा अध्ययन गरिएको छ ।

### ६.१.२ समस्याको प्रस्तुतीकरण

कमैया शब्द बधुवा मजुदुरको छोटो रुप हो । बधुवा मजदुर भन्नाले जमिन्दरहरुले वा कसैले केही मनिसहरुलाई पैसा दिएर (ऋण) उक्त पैसाको बदलामा व्याजमा काम गराउने अनि सावां पैसा चाही फिर्ता माग्ने गरि वाध्यभएर आफ्नो काम मा लगाउनुलाई भनिन्छ ।

कमैयाहरु यसरी मालिकको घरमा वधुवा मजदुरको रुपमा बसी रहेका वेल मालिक बाट अनेक प्रकारले पेलीइरहेका थिए । दिन भर आफू र आफ्नो सम्पूर्ण परिवार मिलेर मालिकको विहान घरको झाडु लगाउने कामदेखि लिएर साँझको खाना खाएरु भाँडा माझ्ने वेलासम्म सम्पूर्ण परिवारहरु मालिकको परिवार प्रति समर्पण हुन्थे ।

कमैया मुक्तीको घोषणा पछि मुक्त कमैयाहरु मालिकलाई दिनु पर्ने ऋणबाट त मुक्त त भउ तर सरकारले उचित रुपमा यिनीहरुको पुनः स्थापना गर्न सकेन । हचुवा को भरमा सरकारले कमैया मुक्ती घोषणा गरेपछि उल्टै मालिकलाई कमैयाहरुले तिर्नुपर्ने ऋण तिरेर जमिन्दार नै मुक्त गरिदियो कमैया मुक्ती पछी उचित, बन्दोबस्त न भएको कारण मुक्त कमैयाहरु खाली ठाउँ, जंगल किनारा र नदि छेउछाउमा पाल र प्लाष्टिक टागेर आफ्नो जिविका चलाई राखेका छन् ।

## ६.१.३ अनुसन्धानका उद्देश्यहरु

मुक्त कमैया शिविरमा बसीराखेका मुक्त कमैयाहरुको दिनचर्या एकदम दयनिय अवस्थामा छ । यस्तो अवस्थामा बसीराखेका मुक्त कमैयाहरुको यस शोत्र पत्रमा आर्थिक, सामाजिक र सास्कृतिक पक्षको अध्ययन गरिएको छ । जुन अध्ययनले गर्दा उनीहरुको दैनिक, चालचलन, रितीरिवाज, समस्याहरुको वारेमा केही भए पनि जानकारी मिलेको छ । यसका अलवा मुक्त कमैया शिविरमा रहेका कमैयाहरुको लागि विभिन्न गैर सरकारी संस्था र सरकारले गरेको काम कर्तब्यलाई प्रकास पारेको छ । मुक्त कमैया शिविरमा रहेका कमैयाहरुको मुख्य समस्या, जीवनस्तर र सामाजिक स्थिति सुर्घानको लागि उपायहरुको खोजी गरिएको छ ।

## ६.१.४ अनुसन्धानको विधिहरु

यस शोधपत्रलाई तयार पार्नका लागि गुणात्मक र वर्णनात्मक दुवै ढाँचाको प्रयोग गरिएको हो । उस अभ्ययनका लागि ५० घर  परिवारलाई अध्ययनको लागि छनोट गरिएको छ तर प्राथमिक स्रो र द्धितीय स्रोत दुवैबाट प्राप्त भएका तथ्यांङ्कलाई प्रयोग गरिएको छ । तथ्यांङ्क संलनका विधिहरुमा अवलोकन, प्रश्नावली, मुख्य व्यक्तीहरु संग अन्तरवार्ता र घरधरी सर्वेक्षण रहेका छन् । प्राप्त तथ्यांङ्कलाई संख्यात्मक र व्याख्यात्मक दुवैमा प्रस्तुत गरिएको छ

यस शोत्रपत्र भित्र कैलाली जिल्लाका शिविरमा बसेका मुक्त कमैयाहरुको सामाजिक, आर्थिक अवस्था बारे अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

## ६.२ सामाजिक र आर्थिक अवस्थामा पत्ता लागेका कुराहरू

- मुक्त कमैया शिविरमा थारु (चौधरी) को बाहुल्यता रहेको पाइयो ।
- मुक्त कमैयाहरूले विवाहको निर्णय गर्दा आमावुवाको निर्णय नै अन्तिम हुने बताए ।
- मागी विवाह नै उनीहरूको पहिलो रोजाई भएको पाइयो ।
- भलामान्छा चुन्ने र भलामान्छाले आफ्नो समुदायको सही तरिकाले नेतृत्व गरेको पाइयो ।
- मुक्त कमैया शिविरमा रहेकाहरू सबै बेरोजगारी नै रहेको पाइयो ।
- मुक्त कमैया शिविरहरूमध्येबाट धेरैजसोले रिक्सा चलाएर आफ्नो गुजारा गर्ने गरेको पाइयो ।
- मुक्त कमैयाहरू सबैले कुल देवताको पूजा गर्ने पाइयो ।
- मुक्त कमैयाहरूको घर एकदम नजिकै रहेको पाइयो । सडक को छेउछाउमा झुप्रो बनाएर बसेका र झुप्रामा पनि प्लाष्टिक र खरले छाएको पाइयो । झुप्रोको भित्र चिसोले ओदाएको र झुप्रो चुहिने वरिपरि घाँस उम्रेको र मुसाले प्वाल पारर माटो घरको वरिपरि जम्मा गरेको पाइयो
- मुक्त कमैयाहरू मध्ये जग्गा पाएकालाई त्यही नदी किनारामा अवस्थित श्रीलंका भन्ने ठाउँमा जग्गा दिएको छ । जुन जग्गामा केही पनि उब्जाउ नहुने आदि कारणले गर्दा हरेकले दिनभर मजदुरी गर्ने गरेको पाइयो ।
- परिवरमा धेरै जनसंख्या भएको कारणले र खान लाउन नपुगेर मुक्त कमैया बस्तीकाले आफ्ना छोराछोरीलाई स्कूल नपाएको र छोरीलाई स्थानिय जमिन्दार वा ठूला पदमा रहेकाको घरमा कमलारी पठाउने गरेको पाइयो । कमलारी जाने छोरीलाई वार्षिक तीन हजार देखि ८ हजारसम्ममा वर्ष भरीको लागि पठाउने गरेको पाइयो ।

- छनौटमा परेका उत्तरदाताका अनुसार शिविरमा रहेका अधिकाशले साँझ विहान मात्र खाना खाने गरेको र कसैले दिनमा एक छाक मात्र खाने गरेका पाइयो । दिनमा नास्ता गर्ने वालाले पनि प्राय जसो विहान पकाएको भात नै प्रयोग गर्ने गरेको पाइयो ।

- मुक्त कमैयाहरूले जसो भएपनि रेडियो FM प्रयोग गर्ने गरेको पाइयो , अर्को कुरा ऋणको लागि आफैले शिविरमा एउटा समुह खडा गरि उक्त समुहबाट ऋण लिने गरेको पाइयो ।

- मुक्त कमैयाहरू मध्ये कसैले पनि पानी उमालेर खाने गरेको पाइएन सबैले हेण्डपम्पको पानी प्रयोग गरेको पाइयो ।

- विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले उपलब्ध गराएको तालिमले केही भएपनि मुक्त कमैया शिविरमा परिवर्तनत भएको पाइयो ।

## ६.३ भविष्यमा गरिनु पर्ने अनुसन्धान

- मुक्त कमैया वस्तीमा रहेको कमलरी प्रथाको वारेमा ।

- रोग, शोक र भोगले पिरोलिरहेका मुक्त कमैयाहरुको विगत र वर्तमान अवस्थाको मूल्यांकनका वारेमा ।

- आर्थिक, सामाजिक र सास्कृतिक अवस्थाको परिवर्तन समय अनुसार भए नभएको वारेमा ।

- राजनैतिक परिवर्तनले ल्याएको प्रभाव ।

- वर्तमान अवस्थामा जमिन्दारलाई हेर्ने उनिहरुको दृष्टिकोण तथा सरकारले कमैया मुक्ती गरे पछिको र कमैया मुक्ती गरिनु भन्दा पहिलेको दिनचर्याको लेखा जोखा ।

## ६.४ निस्कर्ष

यस अध्ययनबाट के निस्कर्ष पुग्न सकिन्छ भने मुक्त कमैयाहरु साहुको ऋणबाट मुक्त भएपनि वास्तवमा अरु कुनै पनि रुपमा मुक्त भएका छैनन् । रात होस् कि दिन होस्, घाम होस् कि पानी हरेक समयमा यिनीहरु शिविरमा बसेका हुन्छन् ।

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले मुक्त कमैयाहरुलाई एउटा माग्ने भाँडोको रुपमा प्रयोग गरिराखेका छन् । दलका नेताहरुले आफ्नो चुनाव जित्ने एउटा पाटोको रुपमा प्रयोग गरेका छन् ।

आफ्नो मौलिकपनमा बाँची रहेका मुक्त कमैयाहरु जति सोझा, इमान्दार र बलिया छन् भोली यिनीहरुको सरकारले राम्रोसंग पुनः स्थापन गर्न सकेनन् भने सरकारले ठूलो दुर्घटना खेप्नु पर्छ भन्ने यिनीहरुको मान्यता छ ।

## सन्दर्भ सुची


कमैया प्रथा उन्मुलन समाज (वार्षिक वुलेटिन २००६)

*कमैया मुक्ति आन्दोलन,* व्याकवार्ड सोसाइटी (बेस) र अन्य बेसका जर्नलहरु ।

*कमैया श्रम निषेध गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०५७।*

केन्द्रिय तथ्यांक विभाग, कमाठमाण्डौ थापाथली २०५८

*गोरखा पत्र-* २०६५/३/२५ गते ।

गौतम टेकनाथ, थारु जातिको इतिहास तथा संस्कृति, २०४४ ।

घिमिरे दिपेन्द्र, थारु आदीवासी, सुनकोशी छापाखाना कालिमाटी, २०५२ ।

विष्ट, डोर बहादुर, *सबै जातको फुलबारी* , प्रथम संस्करण साझा प्रकाशन

धिताल रम्भा, कैलाली जिल्लाका मुक्त कमैयाका अवस्था, शोधपत्र, २०६१ ।

बराल, इश्वर, थारुजाती र तिनको सस्कृति, नेपाल संस्कृतिक परिषद्

भूमि सुधार तथा व्यवस्थापन कार्यालय, कैलाली । (वुलेटिन २०६५)

मिश्र शिवम र रोवर्टसन एडम (इन्सेक) नेपालको कृषि अर्थतन्त्रमा बाँधा श्रम १९९७

*मुक्त पाईला,* एक्सन एड नेपालका क्रिएटिभ मिडिया ग्रुप काठमाडौं द्वारा प्रकाशित- जनवरी २००८ ।

*राष्ट्रिय जनगणना,* नेपाल सरकार केन्द्रिय तथ्यांक विभाग २०५८ ।

*रिजाल, वसन्त प्रसाद* कैलालीका थारुहरुको एक अध्ययन, भिलेज प्रोफाइल (त्रि.वि.)

Anti Slavery International, Action Briefing Bonded Labour in Nepal, 2001.

Lowe Peter, Kamaiya Slaver and Freedom, 2001.

**छनौटमा परेका मुख्य उत्तरदाताहरु**

| | |
|---|---|
| अर्जुन चौधरी | विदेशिनी चौधरी |
| बेच्चन चौधरी | गंगामोतीदेवी चौधरी |
| ठग्गु राम चौधरी | बलराम चौधरी |
| मथुराम चौधरी | धर्म प्रसाद चौधरी |
| विरवा चौधरी | संधाराम चौधरी |
| मोहन चौधरी | सुखलाल चौधरी |
| रामलाल चौधरी | छेदुवा चौधरी |
| चुलहव चौधरी | जोगीलाल चौधरी |
| कौशलराम चौधरी | हरिराम चौधरी |
| हरिराम चौधरी | लिलुराम चौधरी |
| फूलमान चौधरी | भगीराम चौधरी |
| सोनु चौधरी | भगत चौधरी |
| पुनुवा थारु | लल्लु प्रसाद चौधरी |
| रत्रानी देवी चौधरी | चुलुवा चौधरी |
| भेखा राना | करम ब. चौधरी |
| खुशीराम चौधरी | लाल ब. चौधरी |
| जक्तु चौधरी | शिवनारायण चौधरी |

राजकुमार चौधरी

सम्पत राम डगौरा

लौटन चौधरी

जोगी राना

वेच्चन चौधरी

वैधु चौधरी

वैधुराम डगौरा

भोज रानी चौधरी

लहानी चौधरी

राम चौधरी

पतीराम चौधरी

चिरिया देवी चौधरी

गोपीलाल चौधरी

चिउरे चौधरी

भिख्खु चौधरी